# व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

**शोधपत्र**


**शोधकर्ता :**

लालमणि पौडेल

परीक्षा रोल नं.२४०००२३ (द्वितीय वर्ष)

त्रि.वि.दर्ता न.२१३८३-९३



त्रिभुवन विश्वविद्यालय

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

असार, २०७०

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता लालमणि पौडेलले **व्यवसायिक शिक्षाले विद्यार्थीको सीपविकासमा पारेको प्रभाव** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

.................................

उप. प्रा. देनप्रसाद लामिछाने

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०७०।०४।१० ($25^{th}$ July, 2013)

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि विद्यार्थी लालमणि पौडेलद्वारा तयार पारिएको **व्यवसायिक शिक्षाले विद्यार्थीको सीपविकासमा पारेको प्रभाव** विषयको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

1. उप. प्रा. कुवेरनाथ शर्मा विभागीय प्रमुख ........................

2. उप. प्रा. देनप्रसाद लामिछाने शोध निर्देशक ..........................

३ प्रा. ............................ वाह्य परीक्षक ............................

मिति : ........................

Tel. : 056-520754, 522558, 523021, Fax : 056-523021, E-mail : saptagandaki@yahoo.com, smc.bharatpur@gmail.com

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यक पाठ्यभार परिपूर्तिका लागि “व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव” शीर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

यस शोधपत्रको शुरुदेखि अन्त्यसम्म अनवरत रुपमा सहयोग प्रदान गर्नुहुने आदरणीय गुरु शोध निर्देशक उप.प्रा. देनप्रसाद लामिछाने ज्यू प्रति हृदय देखि नै आभार प्रकट गर्दछु । त्यसै गरी सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय गुरु कुवेरनाथ शर्मा, गुरुहरु जयकृष्ण शमा, होमनाथ सापकोटा, पुस्तकालय प्रमुख लगायत सम्पूर्ण सप्तगण्डकी परिवार प्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक तथ्याङ्क संकलन गर्ने कार्यदेखि लिएर सोधपुछका लागि व्यस्त समय दिएर पूर्ण रुपमा सहयोग गर्नुहुने छनोटमा परेका विद्यालयहरुका प्र.अ., शिक्षकहरु तथा सम्पूर्ण सहभागीहरु प्रति कृतज्ञ छु । साथै यस शोधपत्रलाई कम्प्युटर टाइप तथा व्यान्डिङ्ग गरी अन्तिम रुप प्रदान गर्नुहुने न्यू सौरभ फोटो स्टुडियो एण्ड फोटोकपी परिवारप्रति कृतज्ञता व्यक्त गर्दछु ।

शोधकर्ता

लालमणि पौडेल

# शोध सार

अहिलेको युग भनेको विज्ञान र प्रविधिको युग हो । वर्तमान परिवेश अनुसार शिक्षा परिमार्जित र परिस्कृत तवरको हुनु आवश्यक छ । वर्तमान परिवेशमा स्नातकोत्तर तहसम्मको शिक्षा हासिल गरेका दक्ष जनसक्ति पनि वेरोजगार बस्न परिरहेको अवस्था रहँदै आएको छ । केवल सैद्धान्तिक शिक्षाको मात्रै ज्ञान भएर त्यो व्यवहार मुखि हुन सक्दैन त्यसैले अहिलेको परिवेशमा विद्यार्थीलाई व्यवसायिक शिक्षको आवश्यकता रहेको महशुस गरी कतिपय विद्यालयहरुमा व्यवसायिक विषयको अध्यापन गर्न थालिएको छ । यसरी विद्यालयमा अध्यापन गरिँदै आएको व्यवसायिक शिक्षाले विद्यार्थीको प्राविधिक सीप विकासमा के कस्तो प्रभाव पारेको छ ? विद्यालयमा व्यवसायिक शिक्षाको आवश्यकता किन छ ? भन्ने जस्ता कुराहरुलाई लिएर माध्यमिक तहको व्यवसायिक शिक्षाले विद्यार्थीको प्राविधिक सीप विकासमा पारेको प्रभाव नामक शीर्षक चयन गरी यो शोधपत्र तयार पारिएको छ माध्यमिक तहमा व्यवसायिक शिक्षाको वर्तमान अवस्था पहिचान गर्नु, व्यवसायिक शिक्षाले विद्यार्थीको प्राविधिक सीप विकासमा पारेको प्रभावकारीता पहिचान गर्नु, व्यवसायिक शिक्षा शिक्षणमा देखा परेका समस्याहरु पहिचान गर्नु, व्यवसायिक शिक्षा शिक्षणमा देखा परेका समस्याहरूको निराकरणका उपायहरु सुझाउनु यस अध्ययन अनुसन्धानका प्रमुख उद्देश्यहरु रहेका छन् ।

एल्टन मायोको मावन व्यवस्थापन र मेरी पार्कर फलेटको मानव सम्बन्ध सिद्धान्तलाई आधार मानी गरिएको यस अध्ययन अनुसन्धान मुलतः गुणात्मक ढाँचामा आधारित छ । यस अध्ययनलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि तनहुँ देवघाट स्रोतकेन्द्र अन्तर्गतका ४ ओटा सामुदायिक विद्यालयबाट प्रत्येक विद्यालयका सामुदायिक विद्यालयका प्र.अ. १, शिक्षक २/२, स्रोतव्यक्ति १, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १, विद्यार्थी प्रतिनिधिबाट ४।४ गरी जम्मा ३३ सम्भावना रहित नमुना छनोट विधका आधारमा छोनोट गरी अध्ययन अनुसन्धान गरिएको छ  । तथ्याङ्क स.कलनका प्राथमिक तथा द्वितीय स्रोतलाई प्रयोग गरी संकलित तथ्याङ्कलाई व्याख्या एवम् विश्लेषण समेत गरिएको छ ।

छनोटमा परेका विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गराउने धेरैजसो शिक्षकहरु योग्यता पुगेका भए पनि प्रयाप्त मात्रामा तालिम नलिएको पाइयो । विद्यालयमा भएको कमजोर भौतिक अवस्था, शिक्षक विद्यार्थी तथा विद्यालय प्रशासन विचमा सुमधुर सम्बन्धको अभाव, विद्यालयमा राजनीतिक प्रभाव जस्ता कुराहरुले गर्दा व्यवसायिक शिक्षा प्रभावकारी ढंगबाट शिक्षण गर्न नसकि रहेको अवस्था रहेको तथ्य समेत अनुसन्धानबाट जानकारी प्राप्त भएको छ । विद्यालयमा प्रदान गरिएको व्यवसायिक शिक्षाले केही मात्रामा भए पनि प्राविधिक सीप विकास भएको देखिएता पनि विद्यालयको कमजोर आर्थिक अवस्था तथा व्यवस्थित ढंगले अध्यापन गर्न नसक्दा व्यवसायिक शिक्षा अधयापन गरिएर पनि विद्यार्थीको सीप विकासमा प्रभावकारी भूमिका निर्वाह हुन नसकेको निष्कर्ष निकालिएको छ ।

# विषयसूची

**सिफारिसपत्र** I

**स्वीकृतिपत्र** II

**कृतज्ञता** III

**शोधसार** IV

**विषय सूची** VI

**परिच्छेद एक : परिचय**

१.१ पृष्ठभूमि 1

१.२ समस्याको कथन 4

१.३ अध्ययनको औचित्य 6

१.४ अध्ययनको उद्देश्य 7

१.५ अनुसन्धानात्मक प्रश्न 7

१.६ अध्ययनको परिसीमा 7

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन 9

२.२ सैद्धान्तिक खाका 14

२.३ शैक्षिक उपादेयता 16

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा 17

३.२ जनसंख्या र नमुना छनौट 17

३.३ तथ्याङ्क संकलनका स्रोतहरु 18

३.४ अध्ययनका साधनको निर्माण 18

३.५ तथ्याङ्क संकलन विधि 19

३.६ तथ्याङ्कको ब्याख्या र विश्लेषण 19

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**


| | |
|---|---|
| ४.१ माध्यमिक तहमा व्यवसायिक शिक्षाको वर्तमान अवस्था | 20 |
| ४.२ व्यवसायिक शिक्षाले विद्यार्थीको प्राविधिक सीपविकासमा पारेको प्रभावकारिता | 23 |
| ४.३ व्यवसायिक शिक्षा शिक्षणमा देखा परेका समस्याहरु | 26 |
| 4=4 Joj ;flos lzIff lzIf)fdf देखा परेका समस्या निराकरणका उपायहरु | ३३ |


**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु**


| | |
|---|---|
| ५.१ प्राप्ति | 39 |
| ५.२ निष्कर्ष | 41 |
| ५.३ सुझावहरु | 42 |

**सन्दर्भ सूची**

**अनुसूचीहरु**

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

अहिलेको युग भनेको विज्ञान र प्रविधिको युग हो । जंगली अवस्थाको खतरनाक एवम् भयावह अवस्था पारगर्दै एक सामाजिक प्राणीका रुपमा चिनिन सफल भएको मानव अन्य प्राणी भन्दा सर्वश्रेष्ठ र एक चेतनशील प्राणी हो । शुरुमा मानवजीवन शैली सरल प्रकृतिको थियो । समयको परिवर्तनसँग जब-जब मानिसका इच्छा र आकांक्षाहरु बढ्न थाले यिनै आवश्यकता परिपूर्तिका लागि विभिन्न अनौपचारिक शिक्षालयको विकास र विस्तार हुँदै औपचारिक रुपमा सरकारले पनि वर्तमान परिप्रेक्ष अनुसारका पाठ्यक्रमहरु समावेश गर्नुका साथै समयअनुसार शिक्षकलाई तालिम प्रदान गरेर दक्ष जनशक्ति उत्पादन गर्ने कार्यमा तदारुकताका साथ लागि परेको देखिन्छ । देश विकासको मेरुदण्ड भनेको शिक्षा हो भने शिक्षा आर्जन गरेर भोलिका जीवनमा एक दक्ष नागरिक बन्नका लागि बालबालिकालाई व्यवसायिक शिक्षाको अपरिहार्यता रहन्छ । जसको आधारशिला प्रा.वि.तहबाट नै सुरु भएको हुनु पर्दछ । जब स्कुल तहमा अध्ययनरत विद्यार्थीहरुलाई व्यवसायिक शिक्षाकोबारेमा ज्ञान दिने काम विद्यालयबाट हुने गर्दछ तब मात्र भोलिको उच्च शिक्षामा पनि उनीहरुले पहिला सिकेको ज्ञानका आधारमा व्यवसायिक शिक्षालाई निरन्तरता दिन सक्दछन् । कुनै पनि बालबालिकाले आफ्नो शिक्षाको योग्यतालाई बढाउने क्रममा कुनै पनि प्रकारको व्यवसायिक सीप हासिल नगरीकन केवल कोरा ज्ञानमा मात्र सीमित रहेको अवस्थामा जग नभएको घरजस्तै उसले आफ्नो शैक्षिक योग्यताको कुनै पनि उपयोग गर्न सक्दैन ताकि शिक्षा एक बोझका रुपमा देखा पर्न सक्दछ । यसरी विद्यार्थीको प्राविधिक सीप विकास गर्नका लागि तथा शिक्षालाई गुणस्तरीय बनाउनका लागि बिद्यालय स्तरमा व्यवसायिक शिक्षाको शिक्षण हुनु आवश्यक रहन्छ र यसमा पनि पूर्वबाल्य अवस्था पार गरिसकेका तथा किशोरावस्थामा प्रवेश गरेका केटाकेटीहरुमा व्यवसासायिक शिक्षा झनै अपरिहार्य रहने देखिन्छ । किनकि यो अवस्था भनेको खोजमूलक अवस्था भनेर पनि विभिन्न मनोवैज्ञानिक एवम् विद्धानहरुका लेखरचनाहरुबाट प्रष्ट हुन आउँछ ।

जब बालबालिकाहरुमा व्यावसायिक ज्ञान प्राप्त हुन्छन् तब मात्र उनीहरुले आफ्ना विषयहरुमा सहजै प्रस्तुतीकरण गर्न सक्दछन् । बालबालिकाको सिकाई सम्बन्धी थप ज्ञान, प्रदान गर्न, उनीहरुलाई आत्मनिर्भर बनाउन र देशविकासका कार्यहरु गर्नमा समेत व्यवसायिक शिक्षाले सहयोग पुऱ्याउँदछ । शिक्षण सिकाइको सन्दर्भमा सिकाई क्रियाकलाप बढी प्रभावकारी बनाउन, निर्धारीत पाठ्यक्रम र पाठ्यपुस्तकको आधारमा नयाँ शिक्षण विधि र सिद्धान्तले सिकाइलाई बढी जानकारी दिई निश्चित विषय वस्तुमा केन्द्रित रहि बढी भन्दा बढी दक्ष बनाउन समयको आवश्यकता अनुसार व्यक्ति आफै स्वरोजगार हुनसक्ने शिक्षालाई नै व्यवसायिक शिक्षा भनेर भनिन्छ, (नारायण २०६७) ।

भीम शमशेरको पालामा नेपालामा टेक्नीकल स्कूलको स्थापना भयो । जुद्ध शमशेरले कृषि स्कूलको स्थापना गरेका थिए । नेपालको शैक्षिक इतिहासमा वि.सं. १९९० कार्तिक १६ गतेका दिन एस.एल.सी बोर्डको गठन भयो । यसरी शिक्षाको वढ्दो प्रभावसँगै विं सं १९९३ मा जुद्धशमशेरका पालामा डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनलाई शिक्षा बोर्डको रुपमा गठन गरिएको थियो । वि.सं. १९९५ चैत्र २८ गते जनताको तर्फबाट निजी स्कुल खडा गर्ने स्वीकृति प्रधानमन्त्रिबाट दिने व्यवस्था गरिएको थियो । वि.सं. १९९६ माघ ८ गते शिक्षा सम्बन्धी पहिलो इस्तिहार अथवा नियमावली घोषणा गरिएको थियो । त्यस पछि स्वीस्कृति लिएर स्कूललाई सरकारबाट प्रत्येक वर्ष आर्थिक सहयोग दिने व्यवस्था हुन थाल्यो ।

नेपाली शैक्षिक इतिहासलाई हेर्ने हो भने वि.सं. २००४ मा पदम शमशेरले संवैधानिक कानुनको घोषणा गरेपछि जनताको मौलिक हकहरु संवैधानिक कानुनमा व्यवस्था गरेको पाइन्छ । त्यसपछि धमाधम विद्यालय खोल्ने काम भयो । २००४ सालमा सूचना प्रकाशित गरी स्कूल खोल्न लगाइएको रोकावट केही खुकुलो पारियो । बढ्दै गएका विद्यालयहरुको व्यवथापन र भर्खरै मात्र शुरु गर्न लागिएको आधार शिक्षाको समेत सु-व्यवस्थापन सुपरिवेक्षण तथा विद्यालय निरीक्षण गर्न २००४ सालमा नेपाललाई शैक्षिक प्रसाशनका दृष्टिले ३ क्षेत्रमा बाँडेर जनकपुर, काठमाडौ र पाल्पामा डिपुटी इन्स्पेक्टर अफ स्कूल स्थापना गरियो । २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र प्राप्त भएपछि स्वतन्त्रपूर्वक सवै कार्य जनताले गर्न पाउने भए । त्यस पछि प्रजातन्त्रका साथसाथै शिक्षाको अवश्यकताको चेतनापनि फैलिदै गयो । तत्पश्चात् मेचीमहाकाली सम्म र हिमाल देखि तराईसम्म देशभरी शिक्षाको विकासको आवश्यकता महशुस

गरी जनस्तरबाट विद्यालय खोल्ने क्रम तीव्र हुँदै आयो । प्रजातन्त्रलाई स्थायीत्व दिन र सफल तुल्याउन जनतालाई सकेसम्म शिक्षित बनाउनु पर्दछ भन्ने सरकारी चाहना पनि रह्यो । नेपालमा २००७ सालमा प्रजातन्त्र प्राप्त भएपछि देशको शिक्षा स्थिति विकास गर्ने ध्येयले धेरै आयोग र योजनाहरु गठन भए । ती आयोग टोलीले नेपालको शिक्षा प्रणालीको अध्ययन गरी तत्कालीन अवस्थामा शिक्षा विकासका लागि गर्नुपर्ने तत्कालीन र दीर्घकालीन विभिन्न सिफारिसहरु पेश गरेमा कतिपय लागु भएका छन् भने कतिपय लागु भएका छैनन् । जे होस् नेपालको विद्यालय शिक्षाको इतिहासमा ती प्रतिवेदनहरुको महत्वपूर्ण भूमिका रहन्छ, (अधिकारी २०६०) ।

अहिले २०६३ सालको १९ दिने जनआन्दोलनको सफलता र लोकतन्त्र गणतन्त्रको स्थापनापछि शिक्षामा झन व्याकपकता आएको छ । हाल देशमा प्राइभेट र सरकारी विद्यालय गरी दुई किसिमको शिक्षा सञ्चालित छन् । शुरुका वर्षहरुमा प्राइभेट वोर्डिङ्गहरुको प्रभाव कम भएको समयमा जस्तै वि.सं. २०४६ को जनआन्दोलन अघि र वि.सं. २०६० सम्मका वर्षहरुमा सरकारी विद्यालयहरुमा विद्यार्थीको चाप अत्याधिक रहेको थियो । त्यसपछि राज्यद्धारा नै प्राइभेट अंग्रजी माध्यमद्धारा पढाइ हुने बोर्डिङ्ग-स्कूल खोल्न खुकुलो गरे बमोजिम देशमा अत्याधिक मात्रामा बोर्डिङ्गहरु स्थापना भए जसको कारण सरकारी विद्यालयहरुमा विद्यार्थीहरुको संख्या क्रमशः कम हुँदै गएको तथ्याङ्क भर्ना अभिलेखद्धारा प्राप्त हुन्छ । यसको साथै अभिभावकहरुले आफ्ना बालबालिकालाई गुणस्तरीय शिक्षाका खातिर अंग्रेजी माध्यमद्धारा संचालित प्राईभेट वोर्डिङ्गमा आकर्षित भएको पाइन्छ ।

नेपालमा वैदेशिक शिक्षाको बढ्दो प्रभाव छ । व्यवसायिक शिक्षा आर्जनकै लागि नेपाली विद्यार्थीहरु विदेशमा गई अध्ययन गर्न चाहन्छन् । अहिले सीपमूलक प्राविधिक शिक्षाहरु हाशिल गर्न विदेशमा जाने तथा सरकारी विद्यालयमा भन्दा निजीस्तरका विद्यालयमा व्यवसायिक शिक्षालाई समावेश गरिएको हुँदा विद्यार्थीहरुको पहुँच त्यतातर्फ बढी हुँदै गएको पनि देखिन्छ । बालबालिकाहरुलाई बोर्डिङ्ग-स्कूलमा अध्ययन गराउँदा समाजमा इज्जत बढने, प्रतिष्ठा बढ्ने र आत्मागौरव बढ्ने जस्ता कुराको साथसाथै भोलिका दिनहरुमा आफ्ना बाबुनानीहरुमा प्राविधिक सीप विकासमा पनि वृद्धिविकास हुने जस्ता ठूला अभिलासाहरुले गर्दा पनि सार्वजनिक विद्यालयमा विद्यार्थीहरुको संख्या दिन प्रतिदिन घटिरहेको पाइन्छ, (शर्मा २०६२) ।

हालको वर्तमान अवस्थालाई हेर्दा सार्वजनिक विद्यालयले पनि व्यवसायिक शिक्षालाई मध्यनजर गरेर विभिन्न पूर्वव्यवसायिक शिक्षा, कम्प्युटर शिक्षा, लेखा, कृषि शिक्षा, शिक्षाजस्ता व्यवसायिक विषयहरुलाई समावेश गरेर अध्यापन गराउँदै आएको छ । जसको कारणबाट बालबाकिलाहरुमा आफ्नो जीवनका लागि जीवनोपयोगी सीप विकास गर्नमा यस्ता विषयहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । यस्ता विषयहरुका माध्यमबाट उनीहरुले सिकेका ज्ञानहरुले केवल परीक्षा दिएर पासगर्नमा मात्र सीमित नरहिकन भोलिका दिनहरुमा आफ्नो जीविका चलाउनका लागि समेत मार्गदर्शकको भूमिका निर्वाह गर्ने हुनाले बालबालिकाको चौतर्फी विकासमा समेत व्यवसायिक शिक्षाको आवश्यकता रहेको देखिन्छ ।

यसरी नेपाली शैक्षिक अवस्थालाई मध्य नजर गर्दा बालबालिकाहरुलाई प्रदान गरिएको शिक्षा केबल कोरा ज्ञानका रुपमा मात्र सीमित रहनु हुँदैन भोलिका दिनहरुमा उनीहरुको व्यवहारमा परिवर्तन आउनु पर्दछ भन्ने अभिप्रायले विद्यालयका माध्यमिक स्तरहरुमा पनि विभिन्न किसिमका व्यवसायिक विषयहरुको शिक्षण हुँदै आएको छ । शिक्षाको माध्यमबाट विद्यार्थीको सीप विकास गर्ने प्रमुख उद्देश्य राखेर प्रदान गरिदै आएका यस्ता किसिमका व्यवसायिक विषय विद्यार्थीको सीप विकासमा के कस्तो प्रभाव पार्दै आएका छन् ? भन्ने तथ्य पत्तलगाउनका लागि माध्यमिक तहको व्यसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव नामक शीर्षक चयन गरी यो अध्ययन अनुसन्धान गरिएको छ ।

## १.२ समस्याको कथन

राष्ट्रका लागि आवश्यक पर्ने दक्ष, सभ्य र असल नागरिक तयार गर्नमा व्यवसायिक शिक्षाले अपरिहार्य भूमिका निर्वाह गरेको हुन्छ । शिक्षा प्रणाली आफैमा सवल हुन सक्दैन र यसका लागि सीपमूलक शिक्षाको आवश्यकता रहन्छ । विद्यार्थीको सीप विकासको लागि  व्यवसायिक तालिमहरुको सुरुवात पहिला देखिनै चल्दै आएको कुरा हो । बालबालिकाहरुलाई शिक्षण गर्नु भनेको सानो कुरो होइन त्यसमा पनि व्यवसायिक शिक्षा प्रदान गर्नु भनेको एक चुनौतिपूर्ण कुरा हो । शिक्षा आर्जन गरिसकेपछि भोलिका दिनहरुमा कामलग्ने गरी अध्यापन गराउनु र

उनीहरुलाई आफूले आर्जन गरेको शिक्षाले व्यवहारिक जीवनमा पनि मार्गदर्शन प्रदान गर्न सक्ने बनाउनु भनेको एक असल शिक्षकको दायित्व पनि हो ।

बालबालिका भनेका काँचोमाटो जस्तै हुन्, जसलाई जस्तोसुकै किसिमको भाडाँकुडा बनाउनका लागि पनि प्रयोग गर्न सकिन्छ । त्यसैले माध्यमिक तहमा अध्ययनरत विद्यार्थीलाई व्यवसायिक शिक्षा प्रदान गरी उनीहरुलाई सवल र सक्षम बनाउनु आवश्यक रहन्छ जसको कारणले भोलीको उच्च शिक्षामा पनि आधारभूत तहको सीप विकासले अपरिहार्य भूमिका खेलेको हुन्छ । अहिलेको वर्तमान अवस्थालाई मध्यनजर गर्दा कतिपय बाबुनानीहरुमा आधारभुत तहको शिक्षा नै कमजोर भएको कारणले पछिका दिनहरुमा व्यवसायिक शिक्षा आर्जन गर्छु भनेर चाहेर पनि नसकिरहेको अवस्था देखिन आएको पाइन्छ ।

हाम्रो देशमा सरकारी गैरसरकारी तथा अन्तराष्ट्रिय दातृ समुदायले शिक्षामा ठूलो धनराशि खर्चेको पाइन्छ । समय समयमा शिक्षकहरुलाई तालिम प्रदान गर्ने र उनीहरुलाई सवल र सक्षम बनाई विद्यार्थीहरुका लागि व्यवसायिक शिक्षा प्रदान गर्दै आएको पाइन्छ । यसरी प्रदान गरिदै आएको व्यवसायिक शिक्षामा विद्यार्थीहरुलाई के कस्ता सीपको आवश्यकता छ ? विद्यार्थीलाई व्यसायिक शिक्षाप्रति अझबढी आकर्षण गराउन सम्बन्धित सरोकारवालाहरुको भूमिका के कस्तो रहन सक्दछ ? विद्यालयमा व्यवसायिक शिक्षाको शिक्षाण के कसरी भएको छ ? यसले विद्यार्थीको सीप विकासमा के कस्तो प्रभाव पारेको छ ? व्यवसायिक शिक्षाको प्रभावकारी ढंगबाट कार्यान्वयन हुन नसक्नुका कारणहरु के के हुन सक्छन् ? व्यवसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षकहरुको शैक्षिक योग्यता के कस्तो रहेको छ ? विद्यार्थीको सीप विकास गर्नमा सम्बन्धित निकायको कस्तो भूमिका रहेको छ ? व्यवसायिक शिक्षा अन्तर्गत कुन कुन विषयलाई समावेश गरिएको छ ? व्यवसायिक शिक्षाको माध्यमबाट विद्यार्थीको सीप विकासमा शिक्षकको भूमिका के कस्तो रहेको छ ? भोलीका दिनहरुमा यसलाई अझ प्रभावकारी बनाउनका लागि क-कसको उत्तरदायी भूमिका रहन्छ भन्नेजस्ता समस्याहरुलाई यस अध्ययन अनुसन्धानका मुख्य समस्याका रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

जुन उद्देश्य राखेर माध्यमिक तहका विद्यार्थीहरुलाई व्यवसायिक शिक्षा प्रदान गरिँदै आइएको छ । त्यसको प्रभावकारी ढंगबाट कक्षाकोठामा कार्यान्यवन भई भोलिका दिनहरुमा बालबालिकाहरुले आफ्नो दैनिक जीवनमा समेत उपयोगमा ल्याउन सक्नु आवश्यक रहन्छ । भने विद्यालयले व्यवसायिक शिक्षा अध्यापन गराउन समय सापेक्ष अनुसारका र भोलिका जीवनमा उपयोगिसिद्ध हुने खालका व्यवसायिक विषयहरुको अध्यापनमा विशेष जोड दिनु पर्दछ जसको कारणबाट विद्यार्थीको सीप विकासमा अझबढी प्रभावकारी ढंगबाट महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ भन्ने जस्ता कुराहरुलाई दृष्टिगत गर्दै "माध्यमिक तहको व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव" शीर्षकमा गर्न लागिएको अध्ययनको औचित्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) व्यवसायिक शिक्षाको महत्व र औचित्यलाई पहिचान गरी विद्यार्थी तथा अभिभावकमा त्यसको अनिवार्यताको बोध गराउनु ।

ख) व्यवसायिक शिक्षाको अध्यापन गराउँदै आएका सम्बिन्धित सरोकारवालाहरुलाई भोलीका दिनहरुमा अझबढी प्रभावकारी बनाउनमा सल्लाह सुझाव प्रदान गर्नु ।

ग) व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभावका बारेमा अध्ययन एवम् अनुसन्धान गर्नु ।

घ) व्यवसायिक शिक्षालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नमा मार्गप्रसस्त गरी शैक्षिक उपलब्धि वृद्धि गर्नमा सहयोग पुऱ्याउनु ।

माध्यमिक तहको व्यवसायिक शिक्षाले विद्यार्थीको  सीप विकासमा पारेको प्रभाव नामक शीर्षक चयन गरी अध्ययन अनुसन्धान गर्न लागिएको यस अध्ययनबाट माध्यमिक तहको व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभावका बारेमा पहिचान गरी विद्यालयमा सीपमूलक शिक्षा प्रदान गर्नका लागि केहीमात्रामा भएपनि उपयोगी सिद्ध हुने दोखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न अनुसार उद्देश्यहरु रहेका छन्:

क) व्यवसायिक शिक्षाको वर्तमान अवस्था पहिचान गर्नु ।

ख) व्यवसायिक शिक्षाले विद्यार्थीको प्राविधिक सीप विकासमा पारेको प्रभाव खोजि गर्नु ।

ग) व्यवसायिक शिक्षा शिक्षणमा देखापरेका समस्याहरु पत्ता लगाउनु ।

घ) व्यवसायिक शिक्षा शिक्षणमा देखापरेका समस्याहरुको निराकरणका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनको निम्न अनुसन्धानात्मक प्रश्नहरु रहेका छन्:

क) व्यवसायिक शिक्षाको वर्तमान अवस्था कस्तो छ ?

ख) व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा के कस्तो प्रभाव पारेको छ ?

ग) व्यवसायिक शिक्षा शिक्षणमा देखापरेका समस्याहरु के के छन् ?

घ) व्यवसायिक शिक्षा शिक्षणमा देखापरेका समस्याहरु के कसरी निराकरण गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययन अनुसन्धानलाई उद्देश्य अनुरुप पूर्णता प्रदान गर्नका लागि सो अध्ययन अनुसन्धानको सम्पूर्ण पक्षलाई समेटेर अध्ययन गर्दा उद्देश्यमा पुग्न नसकिने भएको हुँदा सीमित स्रोत र साधनका कारण पनि अनुसन्धानलाई वस्तुतिष्ठ एवम् बैज्ञानिक बनाउनका लागि निम्नलिखित सीमाभित्र रहेर अध्ययन अनुसन्धान गरिएको छ :

क) यो अध्ययन अनुसन्धान तनहुँ जिल्ला देवघाट स्रोतकेन्द्र अन्तर्गतका ७ मा.वि.मध्ये, छनोटमा परेका ४ वटा विद्यालयहरुबाट क्रमशः प्रत्येक विद्यालयका प्र.अ.१ का दरले ४ जना, शिक्षक २/२ जनाका दरले ८ जना, स्रोतव्यक्ति १ जना विद्यालय व्यवस्थापन समितिको

अध्यक्ष १ का दरले ४ जना , विद्यार्थी प्रतिनिधि मध्येबाट ४/४ का दरले १६ जना गरी जम्मा ३३ जनलाई अध्ययनको जनसंख्याका रुपमा छनोट गरिएको छ ।

ख) यस अध्ययन अनुसन्धानमा प्राथमिक तथा द्वितीय तथ्यांकलाई तथ्यांक संकलनका लागि प्रयोगमा ल्याइने छ ।

ग) यस अध्ययनमा व्यवसायिक शिक्षाबाट विद्यार्थीको सीप विकासमा परेको प्रभाव पहिचान गर्नको लागि शिक्षक तथा प्र.अ.को भूमिका , वि.व्य.स.को भूमिका, स्रोतव्यक्तिले खेल्नु पर्ने भूमिकाहरुमा सीमत रही, छुट्टाछुट्टै प्रश्नावली तयार पारेर त्यसैका आधारमा प्राप्त तथ्याङ्काहरुको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धीत साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

कुनै पनि अनुसन्धानकर्ताले आफूले रोजेको विषयमा त्यस भन्दा पहिला गरिएका अनुसन्धानहरू लेखहरू, रचनाहरू, पुस्तिका, पत्रपत्रिका, प्रतिवेदन तथा सरकारी तथ्याङ्क तथा बुलेटिनहरूको अध्ययन गरेर त्यसबाट सारसंक्षेप निकाल्नु भनेकै पूर्वसाहित्यिको पुनरावलोकन हो । व्यवसायिक शिक्षालाई दृष्टिगत गरेर बिभिन्न विद्वानहरुले बेलाबेलामा विभिन्न लेखरचना, तथा आफ्ना विचार विमर्शहरु प्रकाशन गर्दै आएको पाइन्छ । बेलाबेलामा लेखेका  व्यवसायिक शिक्षासम्बन्धी अध्ययन तथा अनुसन्धानहरु हुँदै आएका छन् र यसले विद्यार्थीको सीप विकासमा के कस्तो प्रभाव पार्दछ भन्ने कुरामा पनि व्याख्या एवम् विश्लेषण गर्दै आएको पाइन्छ । माध्यमिक तहको व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानलाई पूर्णता प्रदान गर्नका लागि यस शोधप्रस्तावसँग सम्बन्धित अनुसन्धानसँग सम्बन्धित विभिन्न  पत्रपत्रिका लेखरचना, बुद्धिजिवीहरूका भनाइलाई साहित्यको पुनारावलोकनको रूपमा अध्ययन गर्नुका साथै साहित्यको सैद्धान्तिक खाका तथा शैक्षिक उपादेयतालाई समावेश गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## २.१ सम्बन्धीत साहित्यको पुनरावलोकन

यस अध्ययन अनुसन्धानसँग सम्बन्धित आजभन्दा अगाडि गरिएका अध्ययन अनुसन्धान, लेखरचना, पत्रपत्रिका, वुद्धिजिवीका भनाइहरूलाई साहित्यको पुनरावलोकनको आधारमा निम्नानुसार अध्ययन गरिएको छ :

शिक्षक मासिक पत्रिका मा उल्लेख भए अनुसार सरकारले आउँदो वैशाखदेखि विद्यालय तहमै प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनको लागि तयारी गरेको छ । हालसम्म १०० वटा सामुदायिक विद्यालयमा कक्षा ९ देखि नै प्राविधिक शिक्षा शुरुगर्न लगाएको पाइन्छ । जसअन्तर्गत इर्लेक्ट्रिकल, कम्प्युटर, कृषि जस्ता विषयहरुलाई समेटेर प्राविधिक शिक्षा तथा

व्यवसायिक तालिम परिषद् ले प्राविधिक विषय पाठ्यक्रमको मस्यौदा समेत तयार पारिसकेको छ । विद्यालयको अवलोकन पश्चात विद्यालयमा प्राविधिक शिक्षा ल्याइने कुराको उल्लेख गर्दै विद्यालयमा राखिएको व्यवसायिक शिक्षाले भोलिका दिनहरुमा बालबालिकालाई आत्मनिर्भर बन्न र प्राविधिक ज्ञान प्राप्त गर्नमा समेत सहयोग हुने कुरा उल्लेख गरिएको छ । (शिक्षक मासिक २०६९) ।

कालिका उ.मा.वि. देवघाट तनहुँले गरेको सेमिनारमा उल्लेख भए अनुसार अहिलेको विद्यालयको पठनपाठन भनेको आर्थिक अवस्था दयानीय भएका, समाजबाट पछाडि पारिएका घरपरिवारका बालबालिकाहरुका लागि मात्रै भनेर बुझ्न सकिन्छ । समाजका बुद्धिजिवी तथा सचेत वर्गहरुले आफ्ना बाबु नानीहरुलाई बोर्डिङ् स्कुलतर्फ नै भर्ना गरेको पाइन्छ । जसको प्रतिफल भनेको सामुदायिक विद्यालयमा पुरानै परिपाटीबाट पढाइहुने र व्यवसायिक शिक्षाको ज्ञान नदिइने भएकोले नै हो भन्ने कुरालाई प्रष्ट पारिएको छ । साथै सामुदायिक विद्यालयले पनि समाजका लागि आवश्यक रहेको तथा अभिभावकहरुले चाहेको व्यवसायिक शिक्षाको समावेश गरेर पढाउने प्रविधिमा समेत परिवर्तन गर्न सकेको खण्डमा संस्थागत विद्यालयमा अध्यापनरत विद्यार्थी महङ्गो शिक्षाबाट मुक्ति पाउनुका साथै सामुदायिक विद्यालय तर्फ नै आकर्षित हुनेछन् भन्ने कुरालाई विशेष जोड दिइएको छ । सामुदायिक विद्यालयमा यदाकदा कम्प्युटर शिक्षाको प्रयोग भएता पनि पढाउने परिपाटी तथा तालिमप्राप्त शिक्षकको अभावका कारण प्रभावकारी हुन नसकेको तथ्यलाई प्रष्ट पार्दै अहिलेको आवश्यकता अनुसारको व्यवसायिक शिक्षा प्रदान गर्ने हो भने त्यसले भोलिका दिनहरुमा बालबालिकामा सक्षम जीवनयापन गर्न सक्ने आधारशिलाको रुपमा काम गर्ने छ भन्दै सामुदायिक विद्यालयमा प्राविधिक शिक्षाको आवश्यकतालाई प्रष्ट पारिएको छ, (कुँवर, २०६७)

तुलाधर र अन्य (२०००) का अनुसार काठमाडौँ उपत्यकामा सार्वजनिक विद्यालयहरुको एक स्थितिजन्य विश्लेषण सम्वन्धि प्रतिवेदनमा सार्वजनिक विद्यालयहरुमा आयको स्रोत सरकारी अनुदान हुने र निजि विद्यालयको आयस्रोत विद्यार्थी शुल्क मात्र हुने यसरी निजि विद्यालय

अभिभावकहरु प्रति पूरै जवाफदेहि हुनुपर्ने कारण सार्वजनिक विद्यालय भन्दा नीजी विद्यालयको शैक्षिक स्थिति राम्रो भएको प्रतिवेदनमा उल्लेख छ । नीजी विद्यालय विद्यार्थीको शुल्कबाट चल्नु पर्ने भएकाले नीजी विद्यालयका शिक्षकहरु कर्तव्यनिष्ठ भएर शिक्षण गर्ने गरेको पाइयो । सार्वजनिक विद्यालयहरुमा भने सरकारी अनुदानमा चल्ने, विद्यार्थीले शुल्क तिर्नु नपर्ने, अभिभावकहरुलाई शुल्क तिर्नु नपर्ने भएको कारण विद्यालयको गतिविधिमा त्यति चासो नदिने गरेको कारण सार्वजनिक विद्यालयको शैक्षिक स्थिति कमजोर रहेको पाइयो । यसै कारण राम्रो प्राप्तिको लागि अभिभावकहरु नीजी विद्यालयमा बालबालिका भर्ना गर्ने गरेको निजि विद्यालयले बालबालिकालाई व्यवसायमुखि शिक्षा प्रदान गर्ने गरेको भन्दै भावी जीवनमा यसबाट बालबालिकालाई सक्षम जीवन यापनका लागि थप सहयोग हुने कुराको समेत प्रष्ट पारिएको छ । (तुलाधर र अन्य २०००) ।

अहिलेको अवस्था भनेको व्यवसायिक शिक्षा मूलक अवस्था हो । समाज र राज्यले आफ्ना बालबालिकाहरुको भविष्य यस्तो चाहन्छ जुन शिक्षा प्राप्तिबाट उसको जीवनभर आधारशीलाको रुपमा काम लागिरहोस् । परम्पाराको घोकन्ते शिक्षाले अहिले कुनै पनि काम नलाग्ने तथ्यलाई दृष्टिगत गर्दै वर्तमान अवस्थामा सरकारी निकायबाट निम्नमाध्यमिक तहदेखिनै राखिएको कम्प्युटर शिक्षा पनि एक व्यवसायिक शिक्षा अन्तर्गतको उदाहरणका रुपमा रहेको तथ्यलाई व्याख्या एवम् विश्लेषण गर्दै यसले बालबालिकाको सीप विकासमा उल्लेख्य भूमिका निर्वाह गर्ने तथ्यलाई प्रस्तुत गरिएको छ । एस.एल.सी सम्मको शिक्षा हासिल गरिसक्दा पनि कम्प्युटर शिक्षा भनेको के हो भन्ने अवस्थामा रहेर महङ्गो शुल्क तिरी तालिमकेन्द्रहरुमा गई कम्प्युटरको आधारभूत शिक्षा लिन बाध्यरहने सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु अहिले प्रदान गर्दै आइएको कम्प्युटर शिक्षाका माध्यमले कम्प्युटर सम्बन्धी सामान्य भए पनि प्राविधिक ज्ञान हासिल गर्न सकेका छन् भन्ने तथ्यको व्याख्या एवम् विश्लेषण गर्दै सामुदायिक विद्यालयले व्यवसायिक शिक्षालाई लक्षित गरेर केही विद्यालयहरुमा सञ्चालन गरेको इलेक्ट्रिकल, कम्प्युटर कृषि जस्ता विषयहरुले बालबालिकाको प्राविधिक सीप विकासका लागि प्रमुख मेरुदण्डको रुपमा कामगरेको छ भन्ने कुराको व्याख्या एवम् विश्लेषण गर्दै भोलिका दिनहरुमा सबै विद्यालयमा

व्यवसायिक शिक्षा हुनु पर्ने र व्यवसायिक शिक्षा प्रदान गर्दै आइएका विद्यालयहरुले पनि समाज र समयको आवश्यकता अनुसार अरु थप व्यवसायिक शिक्षासम्बन्धी विषयहरुको अध्यापन गराउन सकेमा विद्यार्थीहरुको सीप विकासमा उल्लेख्य भूमिका निर्वाह हुनेछ भन्नेकुरामा विशेष जोड दिइएको छ, (उप्रेति, २०६८)

एक्काइसौँ शताब्दिमा हाम्रो शिक्षा नीति नामक शीर्षकमा उल्लेख गरे अनुसार पूर्वीय विज्ञान र प्राविधिक विश्वविद्यालय सञ्चालन गरेर बहुविश्वविद्यालयको अवधारणालाई साकार रुप दिने कार्यमा ढिला भइसकेको छ । त्रिभुवन विश्वविद्यालयमा बढ्दो विद्यार्थीको चाप, खस्कँदो शिक्षाको गुणस्तर तथा प्रशासकिय सुधारका लागि परीक्षाप्रणालीमा शुद्धता एवम् वैज्ञानिकता ल्याउन समेत वर्तमन अवस्थाका लागि नितान्त आवश्यकता रहेको छ । अतः साधारण शिक्षालाई निरुत्साहित गर्दै प्राविधिक शिक्षालाई सरकारी स्तरबाट प्राथमिकता दिन सकेको खण्डमा भोलिका दिनहरुमा विद्यार्थीमा प्राविधिक सीपको विकास हुनेछ भन्नेकुराको स्पष्टीकरण गर्दै विद्यालयमा व्यवसायिक शिक्षा आवश्यक छ भन्ने व्याख्या एवम् विश्लेषण गरिएको छ, (खनाल, २०५६)

सेरिड (१९८२) द्वारा सञ्चालन गरेको “अभिभावकहरुको शिक्षा प्राप्तिको आशा एवं धारणा ” विषयक एक अनुसन्धानमा अभिभावकहरुले शिक्षालाई भविष्यको सम्पन्नताका पूरक मान्दछन् । बहुसङ्ख्यक अभिभावकहरु अनुभव गर्दछन कि शिक्षाले विभिन्न इज्जतदार तहमा जस्तै सरकारी जागिर तथा अन्य ठाँउमा प्रशस्त अवसरहरु प्रदान गर्दछन् । यिनीहरु विदेशमा बालवालिका पढाउने बहानामा प्राइभेट बोडिङ्ग स्कूलमा पठाउने गर्दछन् । त्यसै गरी जुन अभिभावकका बालवालिकाहरु शिक्षा लिनबाट बञ्चित भएका छन् । उनीहरु शिक्षालाई अपरिहार्य नठानेको गरिविको कारण सार्वजनिक विद्यालयमा पढ्न पठाउनु भन्दा काम गर्न पठाउने गर्छन, आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरु चाहेर पनि प्राविधिक शिक्षा आर्जनबाट बञ्चित रहन विवश भएको तथ्यलाई प्रस्तुत गर्दै बालबालिकाहरुलाई  पढाउने चाहाना, घरको सामाजिक,

आर्थिक, शैक्षिक अवस्था अनुसार फरक फरक हुने गरेको पाइन्छ । यसले गर्दा सार्वजनिक विद्यालयहरुमा भर्ना प्रक्रियामा पनि निश्चित रुपले प्रभाव पार्दछ, (सेरिड १९८२) ।

शिक्षा भनेको मानिसले विविध समयमा प्राप्त गरेको ज्ञान र अनुभव हो जुन सकरात्मक र नकारात्मक दुवै प्रकारको हुन सक्दछ । विशेष गरी शिक्षाले मानिसको व्यवहार निर्माणमा सहयोग गर्नु पर्दछ । खालि परीक्षामा पास हुने र अंक प्राप्त गर्ने मात्र नभई व्यक्तिले आफ्नो दैनिक जीवनका लागि आवश्यक पर्ने कामहरु डोको बुन्ने, डाला, नाम्लाहरु बनाउने, जस्ता घरेलु सीपहरु पनि व्यवसायिक सीपका प्रमुख उदाहरण रहेको व्याख्या एवम् विश्लेषण गरिनुका साथै नेपाल जस्तो विकासोन्मुख देशमा अनौपचारिक  शिक्षा वर्तमान अवस्थाको अपरिहार्यता रहेको छ भन्ने कुरालाई पूर्ण रूपमा जोड दिइएको छ, (शर्मा एण्ड शर्मा : २०६३) ।

विद्यार्थीका लागि विद्यालय भनेको घर पछिको दोस्रो पाठशाला हो । जहाँ बालबालिकाको बौद्धिक क्षमताको विकास गर्नका लागि शिक्षकहरुले अथक प्रयास गर्नुका साथै, विद्यार्थीको सीप विकास गर्नका लागि समेत शिक्षकहरुले अपरिहार्य भूमिका निर्वाह गरि नै रहेका हुन्छन् । बालबालिकालाई सैद्धान्तिक ज्ञानमा मात्र प्रेरित गर्नु भन्दा व्यवहारिक ज्ञानमा ल्याउनु पर्दछ भन्ने बारेमा शिक्षकलाई जानकारी प्रदान गर्नका लागि व्यवसायिक शिक्षा सम्बन्धी तालिमको आवश्यकता पर्दछ भने विद्यालयमा अध्यापन गराइने व्यवसायिक शिक्षा पनि केवल नाममात्रको नभइ उनीहरुको वर्तमान तथा भविष्यका लागि समेत कामलाग्न सक्ने खालको हुनु पर्दछ । एस.एल.सी सम्म उत्तीर्ण गरेका बालबालिकाले सामान्य प्राविधिक सम्बन्धी जानकारी, घडी रेडीयो मर्मत सम्बन्धीका आधारभूत तालिम तथा आफ्नो घरयासी प्रयोगमा आउने कार्यहरु गर्न जाने भने पनि आफ्नो जीविकोपार्जन सहज ढंगले गर्न सक्दछन् भन्दै हालको शिक्षा नाममात्रको शिक्षाका रुपमा रहेको तथ्यलाई उल्लेख गर्नु भएको छ, (श्रेष्ठ, २०६८) ।

कान्तिपुर दैनिक (२०६८/०३/०१) मा प्रकाशित भएको विद्यार्थी नपुगेकाले विद्यालय खारेज ” विषयक एक समाचारमा शिक्षा कार्यालय काभ्रेले विद्यार्थीहरुको संख्या नपुगेका ४ विद्यालयलाई

यसै शैक्षिक सत्रदेखि लखन प्रा.वि धुलिखेल, धनेश्वर प्रा.वि शारदा प्रा.वि पनौती र बालशुलभ प्रा.वि. च्यालेलाई खारेज गरिएको समाचारले सार्वजनिक विद्यालयको अस्तित्व माथि प्रश्न गरेको छ । सार्वजनिक विद्यालयको पढाइ केवल नाममात्रको रहेको तथा भोलीका दिनमा बालबालिकाले पढेर केही गर्न नसक्ने महशुस गरी अभिभावकले आफ्ना बाबुनानीलाई बोर्डिङ्ग स्कूलमा अध्यापन गराउँदा विद्यालय खारेज गर्नुपर्ने अवस्था रहेको र थोरै विद्यार्थीका लागि राज्यको लगानी बालुवामा पानी सरह भएकाले राज्यको लगानी सही ठाँउमा प्रयोग गर्नका लागि विद्यालय तहमा  कम्प्युटर, इलेक्ट्रिकल जस्ता प्राविधिक विषय राख्नुका साथै अंग्रेजी भाषामा बढी जोड दिनु पर्नेमा विशेष चर्चा गरिएको छ । ( कान्तिपुर २०६८/०३/०१ )

वर्तमान परिवेशमा अध्यापन गराइँदै आइएको शिक्षाले अबको १०-१५ वर्षमा यस्तै स्थिति रहने हो भने कतै गाउँ नै रित्याउने त होइन ? हालको अव्यवस्थित रोजगारीले गाउँ बाहिरिएको छ । एउटा गाइ बाँध्ने दाम्लो र भारी बोक्ने नाम्लो समेत अर्कोको भर पर्नु पर्ने अवस्था छ । योग्यता, रुची र लाभको आधारमा डाक्टर, इन्जिनियर, वकिल र प्राध्यापक जस्ता राष्ट्रसेवक जनशक्ति तयार पार्दै जाउँ देशमा चलेको शिक्षामा र ५ कक्षा भन्दा माथि Technical & Vocational शिक्षा दिनुपर्छ । शिक्षा एक नाममात्रको नबनी व्यक्तिको व्यक्तिगत जीवनमा काम लाग्ने खालको हुनु आवश्यकछ । वर्तमान परिवेशमा डिग्री हाँसिल गरेर पनि विदेशका खाडीमुलुकमा लेभर कामका लागि धाउनु पर्ने अवस्था भोलीका दिन अझ बढ्न सक्दछ भन्दै विद्यालयमा प्रदान गरिँदै आएको व्यवसायिक शिक्षामा सुधार गर्नका लागि थप सल्लाह सुझाव प्रस्तुत गर्नु भएको छ, ( कृष्णप्रसाद, २०६५)

## २.२ सैद्धान्तिक खाका

सामुदायिक विद्यालयलमा विकासको महत्वपूर्ण पक्ष नै शिक्षा हो । शिक्षा सामाजिक सेवा अन्तर्गत पर्दछ । जसको लागि जनताको सहमति र सहभागिता आवश्यक पर्दछ । शिक्षा विकासको हरेक पक्षमा जनताको सहभागिता गराउन विकेन्द्रीकरण र मानव सम्बन्ध

सिद्धान्तलाई माध्यमको रुपमा लिइएको छ । यस कारणले यो अध्ययन विकेन्द्रीकरण र मानव सम्बन्ध सिद्धान्तमा आधारित रहेर अगाडी  बढाइएको छ ।

विकेन्द्रीकरणका अवधारणा अनुरुप विद्यालयको व्यवस्थापकीय कुशलतामा अभिवृद्धि ल्याई उपलब्ध श्रोत र साधनको अधिकतम परिचालन गरेर उच्चतम प्रतिफल प्राप्त गर्न स्थानीय तहबाट योजना गर्ने हो । मानव सम्बन्ध सिद्धान्त सन् १९५० बाट प्रचलनमा आएको हो । यस अगाडिका सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारणले यो सिद्धान्तको शुरुवात भएको हो । फोलेटको विचारमा कुनै पनि संगठनमा उपलब्ध श्रोतको उचित व्यवस्थापन गर्नको लागि संगठनमा आवद्ध सरोकारवाला बीचमा मानविय सम्बन्ध राम्रो हुनु पर्दछ । यसै गरी उनले प्रजातान्त्रिक र सहभागितामूलक सिद्धान्तलाई जोड दिदै सामूहिक भावनाबाट नै अत्यधिक सफलता हासिल हुने कुरामा जोड दिएका छन् । सिधा सम्पर्क  गरी समन्वय गर्ने, कार्यक्रमको प्रारम्भिक अवस्थाबाट नै समन्वय गर्ने, उपलब्ध साधन श्रोतलाई सामूहिक लक्ष्य प्राप्तितर्फ एकिकृत गर्ने र समन्वय निरन्तर हुनुपर्दछ भन्ने उनीहरुका सिद्धान्तको महत्वपूर्ण पक्षहरु हुन्, (मायो र फोलेट १९५०, काफ्ले २०६०)

यस अध्ययनमा मायो र फोलेटको सिद्धान्त अनुसार विद्यालय व्यवस्थापनको महत्वपूर्ण पक्षको रुपमा रहेको आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयका सरोकारवाला व्यक्ति र निकाय बिचमा के कस्तो समन्वय गरिएको छ, विद्यालयको आर्थिक व्यवस्थापन अन्तर्गत श्रोत संकलन र परिचालनमा सहभागितामूलक प्रणालीको अभ्यास के कसरी गरिएको छ, स्थानिय स्तरबाट आपसी समन्वय गरी श्रोत संकलन एवम् परिचालनमा के कस्तो भूमिका निर्वाह भएको छ, छैन भनी हेर्ने प्रयास गरिएको छ । यसैगरी विद्यालयको आर्थिक श्रोत व्यवस्थापनमा देखिएका समस्याहरु समाधानको लागि प्र.अ., वि.व्य.स., शिक्षक र समुदाय बिचमा आपसि समन्वय र सहकार्य हुने गरेको छ वा छैन?, विद्यालयको आर्थिक योजना निर्माण, कार्यान्वयन एवम् मूल्याङ्कनमा समुदायको संलग्नता भएको छ छैन र समुदायद्धारा विद्यालयको व्यवस्थापनको जिम्मा लिए पश्चात् विद्यालय र समुदाय बिचमा सिधा सम्पर्क भइ विद्यालयको आर्थिक व्यवस्थापनको साथै समग्र गुणस्तर विकासमा सुधार भएको छ, छैन ?भनी हेर्न यो सिद्धान्तको प्रयोग गरिएको छ ।

मानव सम्बन्ध सिद्धान्तको मर्म अनुसार विद्यालयको दिगो विकासको लागि विद्यालयसँग सम्बन्धित सरोकारवालाहरु बीचमा घनिष्ट सम्बन्ध हुनु जरुरी छ । विद्यालय विकासको महत्वपूर्ण आधार भनेको आर्थिक श्रोत हो, जसको संकलन र परिचालनमा उनीहरुबीचको राम्रो सम्बन्धले यसलाई मूर्त रुप दिन सहयोग गर्दछ । यसैगरी उपलब्ध श्रोतको वैज्ञानिक तवरले व्यवस्थापन गरी न्यूनतम श्रोत र साधनबाट उच्चतम उपलब्धी हासिल गर्नको लागि वैज्ञानिक व्यवस्थापनको सिद्धान्त उपयोगी देखिन्छ । अत: यी दुई सिद्धान्तको सैद्धान्तिक धरातलमा रहेर अगाडि बढेमा विद्यालयको श्रोत व्यवस्थापनमा प्रभावकारीता आउनेछ जसले विद्यालयलाई लक्ष्य प्राप्ति सम्म पु-याउनेछ भन्ने विश्वास लिन सकिन्छ ।

## २.३ शैक्षिक उपादेयता

सामुदायिक विद्यालयमा व्यवसायिक शिक्षाको अध्यापन एक चुनौतिको रुपमा रहेको यस वर्तमान परिप्रेक्षमा विद्यार्थीहरुको प्राविधिक सीपमा सोचेजति सफलता प्राप्त गर्न सकेको अवस्था देखिँदैन । विद्यार्थीमा हुनुपर्ने सीप विकासमा कुनै १ पक्षको मात्र सक्रियता र प्रयासले सफलता पाउन सक्दैन तापनि यसमध्ये प्रभावकारी र शशक्त भूमिका निर्वाह गर्ने व्यक्तिहरु मध्ये शिक्षक पनि प्रमुख रुपमा रहेको पाइन्छ । कुनै पनि शोधअध्ययनका क्रममा सम्बन्धित साहित्यको सिंहावलोकन महत्वपूर्ण रहन्छ । यस अध्ययनका क्रममा पनि विभिन्न लेखरचना, र पुस्तकको अध्यापन गर्ने कार्य गरिएको छ । माथि उल्लेख गरिएका साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक आधारहरु केलाउन विद्यार्थीमा सीप विकासका विभिन्न पक्षहरु रहेको देखिन्छ । जसमा शिक्षक मासिक, विष्णुप्रसाल अधिकार, चेतनाथ अधिकारी, रामकृष्ण उप्रेती, चिरञ्जिवि शर्मा र निर्मला शर्मा, नारायण सापकोटा सेरीड तथा तुलाधर कुमालज्यू जस्ता विद्वानहरुले तयार पार्नु भएका लेखरचना एवम् शोधग्रन्थहरुको समीक्षाबाट यस अध्ययन अनुसन्धानको सैद्धान्तिक खाका चयन गर्नमा प्रभावकारी भूमिका निर्वाह गर्नुका साथै अनुसन्धानकार्य दोहोरीनबाट पनि बचाएको छ । आजभन्दा अगाडि गरिएका पूर्वसाहित्यको अध्ययनले यस अध्ययन अनुसन्धाको लागि उद्देश्य चयन गर्न, अध्ययनको अवस्थाको मार्गनिर्देशन गर्न तथ्यांक संकलनका साधनहरुको प्रयोग गर्न समेत उल्लेखनीय भूमिका निर्वाह गरेका छन् । यिनै कुराहरुलाई सम्बन्धित साहित्यको अध्ययनको शैक्षिक उपादेयताको रुपमा लिइएको छ ।

# परिच्छेद तीन
# अध्ययन विधि

अध्ययन र अनुसन्धानका निर्दिष्ट उद्देश्यहरु पूरा गर्नका लागि अनुसन्धानको ढाँचा, जनसङ्ख्या र नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्कको व्याख्या र विश्लेषणलाई यस परिच्छिेदमा निम्न शीर्षकहरुमा प्रस्तुत  गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

अध्ययन अनुसन्धानलाई पूर्णता प्रदान गर्नका लागि अध्ययन अनुसन्धानको निश्चित दायरा वा ढाँचा भित्र रहेर अध्ययन अनुसन्धान गर्नु आवश्यक रहन्छ । अनुसन्धानको ढाँचा भन्नाले सो अध्ययन अनुसन्धानको प्रकृति के कस्तो रहने, संकलित तथ्यांकहरुलाई के कसरी व्याख्या एवम् विश्लेषण गर्ने भनेर पूर्व निर्धारण गरिएको नियमबद्ध जानकारी हो । त्यसैगरी यो अनुसन्धान मुलतः गुणात्मक  प्रकृतिको भएको हुँदा अध्ययन अनुसन्धानका क्रममा, विद्यालय अवलोकन, अन्तरवार्ता र रुजु सूचीका आधारमा सङ्कलित तथ्याङ्कहरूलाई व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना छनौट

अनुसन्धानलाई पूर्णता प्रदान गर्नको लागि आवश्यक जनसंख्याको अपरिहार्यता रहन्छ ।  यस अध्ययनको उद्देश्यलाई पूरा गर्न आर्थिक, भौतिक साधन स्रोत समय अभावको कारणले प्रस्तावित क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्ययनको जनसंख्या र नमुना छनौट गरिएको छ ।

यो अध्ययन अनुसन्धान तनहुँ जिल्ला देवघाट स्रोतकेन्द्र अन्तर्गतका ७ मा.वि.मध्ये, छनोटमा परेका ४ वटा विद्यालयहरुबाट क्रमशः प्रत्येक विद्यालयका प्र.अ. १ जनाका दरले ४ जना

शिक्षक २/२, स्रोतव्यक्ति १,  विद्यालय व्यवस्थापन समितिको अध्यक्ष १, विद्यार्थी प्रतिनिधि मध्येबाट ४/४ गरी जम्मा ३३ जनलाई अध्ययनको जनसंख्याका रुपमा छनोट गरिएको छ ।

**३.३ तथ्याङ्क सङ्कलनका स्रोतहरू**

यस अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क एवम् जानकारी सङ्कलन गर्नका लागि प्राथमिक र द्वितीय स्रोतको परिचालन गरिएको छ ।

**क) प्राथमिक स्रोत :**

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतअर्न्तगत अवलोकन फारम तथा अन्तरवार्ता प्रश्नावली विधिलाई आधार बनाइएको छ । जसमा तथ्याङ्क सङ्कलनका लागि सोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूची १ देखि ६ सम्मका अन्तवार्ता प्रश्नावालीहरूका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

**ख) द्वितिय स्रोत :**

द्वितिय स्रोत अन्तर्गत अनुसन्धानसँग सम्बन्धित विद्यालयका अभिलेखहरू, पत्रपत्रिकाहरू, लेख रचनाहरू बुलेटिनहरू, प्रकाशित सोध-पत्रहरू एवम् सम्बन्धित प्रतिवेदनहरूलाई आधार मानि तथ्याङ्क सङ्कलन गरिएको छ ।

**३.४ अध्ययनका साधनको निर्माण**

अनुसन्धानलाई उद्देश्यअनुरुप पुर्ण रूपदिन निम्नानुसारका साधनहरूको निर्माण गरी सम्बन्धित विषय विशेषज्ञ तथा शोध निर्देशकको राय सुझाव अनुसार परीमार्जन गरी निम्न अनुसारका अध्ययनका साधनहरूको विश्वसनियता र वैधता स्थापित गर्ने प्रयास गरिएको छ ।

**क) अवलोकन फारम**

यसअर्न्तगत छनोटमा परेका विद्यालयमा विद्यालयको शैक्षिक अवस्था, कक्षाकोठाको व्यवस्थापन, शिक्षण विधि,शैक्षिक सामग्रीको प्रयोग, शिक्षकहरुले प्राप्त गरेका तालिम तथा अनुभवहरु, प्राप्त तालिमको व्यवहारमा गरिएको प्रयोग, विद्यार्थी मूल्यांकन, शिक्षक निर्देशिकाको प्रयोग, प्रश्नपत्र

निर्माण जस्ता कार्यकलापहरुको वास्तविक तथ्य पत्तालगाउनका लागि  अनुसूची एकमा उल्लेखित अवलोकन फारमको प्रयोग गरी सूचना सङ्कलन गरिएको छ ।

**ख) अर्न्तवार्ता प्रश्नावली :**

यसअर्न्तगत छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी प्र.अ., स्रोतव्यक्ति विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग अनुसन्धानकर्ताले प्रत्यक्ष भेटगरी  अनुसूची अर्न्तवार्ता प्रश्नावाली (अनुसूची २ देखि ६)को प्रयोगगरी आवश्यक जानकारीहरू सङ्कलन गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

प्राथमिक सूचना सङ्कलनका लागि छनोट गरिएका विद्यालयका शिक्षक, प्र.अ., स्रोतव्यक्ति., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी प्रतिनिधिहरुसँग प्रत्यक्ष भेटघाट गरी अनुसूची २ देखि ६ सम्मका अन्तवार्ता प्रश्नावलीका आधारमा सूचना सङ्कलन गरिएको छ । यो अध्ययन अनुसन्धान विशेष गरी गुणात्मक प्रकृतिको हुने भएको हुँदा खुल्ला अन्तरवार्ता प्रश्नावली प्रयोग गरिएको छ । यस्तै गरी द्वितीय सूचना सङ्कलनका लागि विभिन्न लेखहरू, पत्रपत्रिका, बुलेटिन, सोधपत्रहरू र सम्बन्धित विद्यालयका अभिलेख, इ-मेल इन्टरनेटबाट सङ्कलन गरिएको छ  ।

### ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्ययनको क्रममा प्राप्त हुने सूचना तथा तथ्याङ्कलाई जस्ताको त्यस्तै प्रयोग नगरी अव्यवहारिक, अस्पष्ट तथ्याङ्कलाई प्रशोधन गरी स्पष्ट र व्यवस्थित बनाएको छ । तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका अनुसन्धानात्मका साधन र प्राप्त तथ्याङ्कको स्वरूपको आधारमा तथ्याङ्कहरूलाई गुणात्मक तरीकाले विश्लेषण गरिएको छ । विश्लेषणको क्रममा शोध अध्ययनको उद्देश्य र सिमालाई समेत ख्याल गरी सकेसम्म सन्तुलित गराउने प्रयास गरिएको छ  । उपलब्ध तथ्याङ्कलाई आवश्यकता अनुसार परीमार्जन गरी वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

माध्यमिक तहको व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव नामक शीर्षकमा गरिएको यस शोधप्रतिवेदनमा तनहूँ जिल्ला देवघाट स्रोतकेन्द्र अन्तर्गतका ७ मा.वि.मध्ये, छनोटमा परेका ४ वटा विद्यालयहरुबाट क्रमशः प्रत्येक विद्यालयका प्र.अ. १, शिक्षक २/२, स्रोतव्यक्ति १, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष १, विद्यार्थी प्रतिनिधि मध्येबाट ४/४ गरी जम्मा ३३ जनलाई अध्ययनको जनसंख्याका रुपमा छनोट गरी अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूची अनुसारका अन्तर्वार्ता प्रश्नावालीको प्रयोगगरी प्राप्त तथ्याङ्कहरूलाई तोकिएको उद्देश्य अनुसार निम्नानुसारका शीर्षकहरुमा व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ४.१ माध्यमिक तहमा व्यवसायिक शिक्षाको वर्तमान अवस्था

व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव नामक शीर्षकमा गरिएको यस शोधकार्यमा अनुसन्धानकर्ताको प्रत्यक्ष अवलोकन तथा अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा विद्यालयमा पढाइ भएको व्यवसायिक शिक्षा, त्यसको अध्यापनको अवस्थाका बारेमा अध्ययन अनुसन्धान गरिएको छ जसलाई निम्नानुसार शीर्षकमा प्रस्तुत गरिएको छ :

### ४.१.१ विद्यालयमा अध्यापन हुने व्यवसायिक शिक्षाको अवस्था

व्यवसायिक शिक्षा विद्यार्थीको सीप विकासकमा के कस्तो प्रभाव पारेको भन्ने कुराको निर्भर विद्यालयमा हुने व्यवसायिक विषयको अध्यापनबाट पूर्णरुपमा जानकारी प्राप्त हुन्छ । जब विद्यालयमा हुने अध्यापन नै सही रुपले हुन सक्दैन, त्यहाँ अध्यापन गराउने शिक्षकहरु नै पूर्ण रुपमा दक्ष छैनन् भने व्यवसायिक शिक्षाको अध्यापन भएर पनि विद्यार्थीमा त्यसको सकरात्मक प्रभाव पर्न सक्दैन । व्यवसायिक शिक्षा घोकेर कण्ठ गरेर पास गर्नका लागि मात्रै नभई विद्यार्थीको भविष्य निर्माणका लागि दिइने शिक्षा भएको हुँदा व्यवसायिक शिक्षा प्रदान गर्ने

विद्यालयहरुले भोलिका दिनहरुमा आत्मनिर्भर हुने खालका,दैनिक प्रयोगमा आउने पाठ्यक्रमहरु समावेश गर्न सकेको खण्डमा सान्दर्भिक हुने देखिन्छ ।

यसरी अध्ययन अनुसन्धानका लागि छनोट गरिएको तनहूँ जिल्ला देवघाट स्रोतकेन्द्र अन्तर्गतका कालिका उ.मा.वि.,भृकुटी मा.वि., बज्रयोगिनी मा.वि., पार्वती उ.मा.वि.को व्यवसायिक शिक्षाको अवस्थालाई नै यस शोधपत्रले समेटेको छ । यसरी अनुसन्धानकर्ताको अनुसन्धानका क्रममा छनोटमा परेका विद्यालयहरुमध्ये व्यवसायिक शिक्षाको रुपमा श्री कालिका उ.मा.वि.मा शिक्षा, श्री बज्रयोगिनी मा.वि.मा लेखा, पार्वती उ.मा.वि.मा कृषि, भृकुटी मा.वि.मा लेखा विषयलाई अध्यापन गराउँदै आइरहेको पाइयो । यसरी शिक्षा विषयलाई व्यवसायिक शिक्षाका रुपमा अध्यापन गाराउँदै आएको विद्यालय श्री कालिका उ.मा.वि.को व्यवसायिक शिक्षाको अवस्थालाई अध्ययन अनुसन्धान गर्दा विद्यालयमा गएर विद्यार्थीलाई के कसरी अध्यापन गराउने ? दैनिक पाठयोजना के कसरी निर्माण गर्ने ? विद्यार्थीको मूल्यांकन के कसरी गर्ने ? एउटा असल शिक्षकमा के कस्ता गुणको अपरिहार्यता छ ? विद्यार्थीसँग आई कन्ट्याग कसरी गर्ने, बालबालिकाका समस्याहरु के कस्ता हुन् सक्छन् ? अध्यापनका क्रममा बालबालिकामा देखिएका नराम्रा व्यवहारलाई मनोवैज्ञानिक ढंगबाट के कसरी निराकरण गर्ने, मानव विकासको अवधारणा र विभिन्न विकास चरणमा देखा पर्ने व्यवहारहरुको शिक्षा विषयमा अध्यापन गर्ने गरेको तथ्य छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी तथा वि.व्य.स.बाट जानकारी प्राप्त भएको छ, छनोटमा परेको विद्यालय श्री पार्वती उ.मा.वि.ले व्यवसायिक शिक्षाका रुपमा कृषि विषयलाई अध्यापन गराएको, कृषि विषयको अध्यापन गराउँनका लागि कृषि सम्बन्धी तालिम प्राप्त शिक्षकहरु रहेको, मूल विषय कृषि लिएर स्नातक तहसम्मको अध्ययन गरेका तालिम प्राप्त शिक्षकहरुबाट अध्यापन गर्ने गरेको तथ्य छनोटमा परेको विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावकहरुसँग गरिएको छलफल एवम् अन्तरक्रियाबाट तथ्य प्राप्त भएको छ । यसरी विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गराउँदा विभिन्न मल, बीउ, बालीनालीमा लाग्ने रोगका बारेमा बालबालिकाहरुलाई जानकारी प्रदान गरिएको, विद्यालयमा एउटा व्यवस्थित ल्याबको व्यवस्था गरेर आवश्यक सामग्रीहरुको माध्यमबाट बालबालिकालाई शिक्षा आर्जन गर्ने गरेको

अनुसन्धानबाट जानकारी प्राप्त भएको छ । शिक्षकलाई दिइने पिरियडभार बढी, समय सापेक्ष शिक्षकले आफ्नु सीपलाई अध्यावधिक गर्न नपाएको जस्ता समस्याहरुले गर्दा विद्यार्थीलाई प्रभावकारी ढंगबाट अध्यापन गराएर सीप विकासमा प्रभावकारी भूमिका निर्वाह गर्न नपाएको जानकारी शिक्षकसँगको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त भएको थियो । त्यसैगरी लेखा विषयको अध्यापन हुने विद्यालयहरु श्री बज्र योगीनी मा.वि., र भृकटी मा.वि.को शिक्षण अवस्थाका बारेमा गरिएको अध्ययन अनुसन्धान एवम् अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूचीमा उल्लेख गरिएका प्रश्नावलीका आधारमा प्राप्त जानकारी अनुसार लेखा विषयमा स्नातक तह उत्तीर्ण गरेका, तालिमप्राप्त शिक्षकहरुबाट अध्यापन गराइएको पाइयो । विद्यार्थीलाई दैनिक लेखा के कसरी राख्ने ? डेबिट, क्रेडिट भनेको के हो ? लेखा प्रणाली केलाइ भनिन्छ भन्ने जस्ता कुराहरुमा पूर्ण रुपमा ज्ञान गराउनका साथै स्थानीय शैक्षिक सामग्रीहरु निर्माण गरेर बालबालिकालाई अध्यापन गराउँदै आएको पाइयो । अध्यापन गराउँदा किताबी ज्ञानमा मात्र सीमित नभई व्यवहारिक ज्ञानमा बढी प्राथमिकता दिइएको भएता पनि विद्यालयको कमजोर आर्थिक, अवस्था, अभिभावकमा जनचेतनाको कमी, विद्यार्थीहरुले पढाइप्रति चासो नदेखाउने जस्ता विविध समस्याका कारणहरुले गर्दा प्रभावकारी ढंगबाट विद्यार्थीको सीप विकास गराउने गरी अध्यापन गर्न नसकेको तथ्य अनुसन्धानकर्ताले विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति तथा विद्यार्थीसँग गरेको छलफल, अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

### ४.१.२ व्यवसायिक शिक्षाप्रति विद्यार्थी तथा शिक्षकहरुको धारणा

विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गराउँदा अध्यापन गर्ने शिक्षक तथा अध्ययन गर्ने विद्यार्थीहरुको धारणाले नै सीप विकासमा उल्लेख्य भूमिका निर्वाह गरेको हुन्छ । व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा छनोटमा परेका विद्यालयहरुका शिक्षक तथा विद्यार्थीको के कस्तो धारणा रहेको छ ? उनीहरु व्यवसायिक शिक्षामा के कस्तो चाख राख्ने गर्दछन् ? विद्यालयले अध्यापन गराउँदै आएको व्यवसायिक शिक्षा विद्यार्थीका लागि प्रभावकारी हुन सकेको छ कि छैन भन्ने

जस्ता कुराहरुमा जानकारी प्राप्त गर्नका लागि छनोटमा परेका शिक्षक तथा विद्यार्थीहरुसँग अन्तरक्रिया गरिएको थियो । यसरी गरिएको अन्तरक्रिया अनुसार विद्यालयले अध्यापन गराउँदै आएको व्यवसायिक शिक्षा अध्ययनका लागि विद्यार्थीहरु क्रियाशील रहेको, अरु विषयहरु भन्दा विद्यालयले अध्यापन गराउँदै आएको कृषि, लेखा तथा शिक्षा विषयले भोलिका दिनहरुमा आफ्नो सीप विकासमा केही मात्रामा भए पनि सहयोग गर्ने भएको हुँदा अध्ययन गर्नका लागि उपयुक्त रहेको भन्ने तथ्य शिक्षक विद्यार्थी तथा वि.व्य.स. अध्यक्षहरुसँगको अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो ।

यसरी छनोटमा परेका विद्यालयहरुमा व्यवसायिक शिक्षाप्रति विद्यार्थीको धारणा बुझ्दा व्यवसायिक शिक्षाको अध्ययनले आफूहरुमा भोलीका दिनहरुमा केही मात्रामा भए पनि जीवनोपयोगी हुने, पढेको कुरा व्यवहारमा उतार्न सकिने हुँदा व्यवसायिक शिक्षा अध्यापन हुनु राम्रो भएको तर विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गरिएको भएतापनि भनेजस्तो सन्तुष्टि हातपार्न नसकेको तथ्य समेत विद्यार्थीहरुबाट जानकारी प्राप्त भएको छ । नेपाली, अंग्रेजी, गणित जस्ता विषयहरु भन्दा व्यवसायिक शिक्षा आफूहरुका लागि बढी प्रभावकारी भएको हुँदा विद्यालयले मा.वि. तहमा एउटा मात्रै व्यवसायिक शिक्षाको अध्यापन नगराइ स्थानीय स्तरमा काम लाग्ने तथा भोलीका दिनमा विद्यार्थीलाई उपयोगी हुने कम्प्युटर, प्लम्बिङ, वाइरिङ जस्ता अरु थुप्रै व्यवसायिक ज्ञानहरु दिन सकेको खण्डमा विद्यार्थीको सीप विकासमा अझ प्रभावकारी भूमिका निर्वाह हुने तथ्य समेत विद्यार्थीहरुबाट जानकारी प्राप्तभएको छ ।

## ४.२ व्यवसायिक शिक्षाले विद्यार्थीको प्राविधिक सीप विकासमा पारेको प्रभाव

वर्तमान परिवेशमा नेपाल सरकारले सामुदायिक विद्यालयहरुमा अध्ययन र विद्यार्थीहरुका लागि प्राविधिक सीपको विकास गर्ने अभिप्रायले शैक्षिक सत्र २०७० सालदेखि कक्षा ६ का लागि व्यवसायिक विषय अन्तर्गत पेशा तथा व्यवसाय नामक १०० पूर्णांकको विषय थप गरी अध्यापन कार्य शुरु गरेको पाइन्छ । कक्षा ६ मा राखिएको यस पेशा व्यवसाय विषय अन्तर्गत वैज्ञानिक, जीवनोपयोगी, व्यावसायिक, आत्मनिर्भर, सीपमूलक, विषयलाई मात्र समेटिएका छन् ।

विद्यालय तहदेखि नै व्यावसायिक तथा प्राविधिक विषय लागू गर्दा उच्च शिक्षा हासिल गरेर बेरोजगार बस्नुपर्नेको संख्या कम हुने पाठ्यक्रम विकास केन्द्रले जनाएको छ । विद्यालय र विश्वविद्यालय तहको हालको शिक्षा सैद्धान्तिक छ । चालू शैक्षिक सत्रदेखि प्राविधिक शिक्षा अन्तर्गत कक्षा ९ मा देशभरका १ सय विद्यालयमा सव ओभरसियर तह बराबरको प्राविधिक तथा व्यवसायिक शिक्षा लागू गरिदै छ । तर, यसका लागि पाठ्यक्रम नै तयार भएको भने छैन । नयाँ विषय पढेका विद्यार्थीले व्यावसायिक ज्ञान लिएपछि स्वावलम्बन बन्न सक्नेछन् । नयाँ विषयका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषदले गत वर्ष अवधारणा पत्र तयार गरिसकेको छ । पाठ्यक्रम केन्द्रले तयार पारेको पाठ्यक्रम अनुसार पहिलो ऐच्छिक विषयमा सूचना प्रविधि, वाँणिज्य, गणित, परम्परा चिकित्सा कानुन विकास, फलफूल खेती, जडीबुटी खेती, जस्ता विषयहरु व्यवसायिक शिक्षा अन्तर्गत पर्दछन् ।

व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभावका सम्बन्धमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर छनोटमा परेका अध्ययन स्थलका शिक्षक, विद्यार्थी, प्र.अ., वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्तिसँग छुट्टा छुट्टै प्रश्नावली तयारी गरी छलफल तथा अन्तरक्रिया गरिएको थियो । जसबाट प्राप्त जानकारी निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.२.१ नेतृत्व तथा समूहमा कार्य गर्ने क्षमताको विकास

छनोटमा परेको विद्यालय कालिका उ.मा.वि मा विद्यालयमा प्रदान गरिएको व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा के कस्तो प्रभाव पारेको छ भन्ने बारेमा अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिबाट गरिएको अध्ययन अनुसन्धान तथा छलफल अन्तरक्रिया अनुसार विद्यालयमा व्यवसायिक शिक्षाका रुपमा शिक्षा विषयको अध्यापन गरिएको जसले बालबालिकामा आफूले सिकेका ज्ञान, सीप तथा अनुभवलाई अरु समक्ष के कसरी प्रदान गर्ने, मानिसका विभिन्न उमेरमा के कस्ता परिवर्तन आउँछन् र के कसरी तिनलाई समाधान गर्ने, समूहमा के कसरी काम गर्ने भन्ने बारेमा केही मात्रामा भए पनि शिक्षित भएको तथ्य अनुसन्धानबाट प्राप्त भएको छ । शिक्षा विषयको अध्ययनबाट बालबालिका स्वयं पनि आफूमा भएका परिवर्तनप्रति सकरात्मक हुँदै समयानुकुल आफूलाई सक्षम रहेको, घरमा आफूभन्दा साना भाइबहिनीहरुलाई

गर्ने व्यवहारमा समेत परिवर्तन आउनुका साथै समूहमा मिलेर बस्ने, साथिभाइमा एकले अर्कालाई सहयोग गर्न, आफूले जानेका ज्ञानका कुरा अरुलाई व्यक्त गर्न, घरमा अशिक्षित आमा बाबुहरुलाई सिकाउनका लागि महत्वपूर्ण सहयोग गरेको तथ्य शिक्षक, विद्यार्थी, प्र.अ., स्रोतव्यक्ति तथा वि.व्य.स. अध्यक्षबाट जानकारी प्राप्त भएको छ।

### ४.२.२ व्यवसायिक सीप तथा ज्ञानको विकास

छनोटमा परेका विद्यालयहरुमा अध्यापन हुने व्यवसायिक शिक्षाले विद्यार्थीको व्यवसायक सीप तथा ज्ञानको विकास गराउनका लागि उल्लेखनीय भूमिका निर्वाह गरेको पाइयो । कृषि विषयको अध्यापन हुने छनोटमा परेको विद्यालयको व्यवसायिक शिक्षाको प्रभावकारीताका बारेमा गरिएको अध्ययन अनुसन्धान अनुसार विद्यालयमा अध्यापन गरिएको यस व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा प्रभावकारी भूमिका निर्वाह गरेको पाइयो । विद्यालयमा कृषिको अध्ययन गरेका विद्यार्थीहरुले घरमा गएर आफ्ना बाबा आमाहरुलाई पनि विभिन्न बालीनालीमा लाग्ने रोगका सम्बन्धमा जानकारी दिन सकेको, कुन बालीमा कस्ता रोगहरु लाग्दछन् भन्ने बारेमा ज्ञानआर्जन गरेको, आफूहरु पनि घरमा आमाबाबुले गरेको कृषिकार्यमा सरिक भएको, घर वरिपरि करेसावारीको निर्माण गरेर तरकारी खेती गरेको जस्ता तथ्यहरु अनुसन्धानबाट जानकारी प्राप्त भएको छ, विद्यार्थीको सीप विकासमा सहयोग पुगोस् भन्ने अभिप्रायले सो विद्यालयमा विभिन्न फलफुलका विरुवाहरु रोपेर तिनीहरुलाई के कसरी गोडमेल गर्ने, कस्ता कस्ता रोगहरु लाग्दछन् ? तिनको उपचारका उपायहरु के के हुन्छन् ? भन्ने जस्ता जानकारीहरु विद्यार्थीलाई दिँदा उनीहरुले पढ्ने मात्रै नभएर घरमा गएर समेत त्यसको व्यवहारिक प्रयोग गर्न सफल भई कृषि क्षेत्रमा केही मात्रामा भए पनि आधुनिकता ल्याउनका लागि सहयोग पुगेको तथ्य समेत विद्यालय व्यवस्थापन समिति, स्रोतव्यक्ति तथा प्र.अ.सँगको छलफल अन्तरक्रिया एवम् अनुसन्धानकर्ताको अवलोकन अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो ।

व्यवसायिक शिक्षाका रुपमा लेखा विषयको अध्यापन हुने विद्यालयहरुमा विद्यार्थीको सीप विकासमा के कस्तो प्रभाव पारेको छ भनेर अनुसूचीमै उल्लेखित प्रश्नावली तथा अनुसन्धानकर्ताको प्रत्यक्ष अवलोकनबाट प्राप्त तथ्य अनुसार ती विद्यालयहरुमा व्यवसायिक विषयका रुपमा लेखा विषयको अध्यापन गराउँदै आइएको बालबालिकाहरुलाई घोकाउने कण्ठ गराउने र परीक्षामा पास गर्ने पद्धतिलाई मात्र बढवा नदिइ विद्यार्थीको दैनिक जीवनमा काम लाग्ने गरी अध्यापन गराइने हुँदा विद्यार्थीहरुले आफ्नो दैनिक खर्चलाई उतार्न सहज हुने गरेको, घरको आय व्यय विवरण राख्ने गरेको, खर्च तथा आम्दानीको विवरण राखेर घरयासी हिसाव किताबमा सघाउ पुऱ्याउने गरेको तथ्य समेत अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो । यसरी विद्यालयमा व्यवसायिक शिक्षाका रुपमा अध्यापन हुने लेखा विषयबाट विद्यार्थीहरुलाई लेखा राख्ने प्रणाली सम्बन्धी सीप विकास भएको, भोलिका दिनहरुमा लेखाजस्तै अन्य व्यवसायिक विषयहरुको अध्यापन गराउन सकेको खण्डमा अझबढी प्रभावकारी ढंगले विद्यार्थीको सीप विकास गर्न सकिने तथ्य अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

## ४.३ व्यवसायिक शिक्षा शिक्षणमा देखापरेका समस्याहरु

व्यवसायिक शिक्षा भनेको विद्यार्थीहरुले केवल जाँच पासका लागि मात्रै नभई भोलिका दिनहरुमा उनीहरुको व्यक्तिगत जीवनका लागि समेत उपयोगी हुने शिक्षा हो । हाम्रो देशमा बेरोजगारको समस्या विकराल बन्दै गएको छ । शिक्षित भएर पनि प्राविधिक सीपको अभावका कारण कैयौं युवाहरु बेरोजगारीको कारण वैदेशिक रोजगारको मुख ताक्नु परेका समस्याहरु समेत हाम्रा सामु यथावत नै रहेका छन् । हाल आएर वर्तमान अवस्थको आवश्यकतालाई महशुस गर्दै विद्यालयमा व्यवसायिक शिक्षाहरुको अध्यापन गराउँदै आएको छ । सामुदायिक विद्यालयमा व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव नामक शीर्षकमा गरिएको यस अध्ययन अनुसन्धानमा विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गर्दा के कस्ता समस्या तथा चुनौतिहरु देखा परेका छन् भन्ने कुरालाई आधार मानेर अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा

छलफल तथा अन्तरक्रिया गरिनुका साथै अवलोकन फारमको प्रयोग गरेर अध्ययन अनुसन्धान समेत गरिएको थियो । जसबाट प्राप्त जानकारीहरुलाई निम्नलिखित रुपमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ दक्ष शिक्षकको कमी

सामुदायिक विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गराउँदा दक्ष शिक्षकको अभाव एक प्रमुख समस्याका रुपमा रहेको पाइयो । प्राविधिक शिक्षा भनेको समय सापेक्ष अध्यावधिक हुनु पर्ने तथा सम्बन्धित विषयमा ज्ञान आर्जन गरिरहनु पर्ने शिक्षा रहेको, विद्यालयको आर्थिक अवस्था तथा एउटै शिक्षकले धेरै पिरियड अध्यापन गराउनु पर्ने हुँदा उपर्युक्त पुनरताजगी तालिमको अवसर प्राप्त गर्न नसकेको तथा शिक्षकलाई आवश्यक तालिममा सरिक गराउन विद्यालय प्रशासन असक्षम रहेको तथ्य समेत छनोटमा परेका शिक्षक, प्र..अ तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट जानकारी प्राप्त भएको थियो । यसरी स्रोतव्यक्तिबाट प्राप्त जानकारी अनुसार व्यवसायिक शिक्षामा दक्ष शिक्षकको अभाव रहेको हुँदा पर्याप्त मात्रामा तालिम पर्याप्त नरहेका तथा योग्यता नै नपुगेका शिक्षकहरुलाई समेत अध्यापन गर्न लगाउने हुँदा भनेजस्तो प्रभावकारी ढंगबाट शिक्षण गर्न नसक्ने र त्यस्ता शिक्षकबाट उत्पादित जनशक्ति पनि केवल नाममात्रको हुने व्यवसायिक शिक्षा भएर पनि त्यो केवल सैद्धान्तिक ज्ञानमा मात्र सीमित रहन गएको छ भन्ने तथ्य समेत अनुसन्धानबाट प्राप्त भएको थियो । अनुसन्धानकै क्रममा वि.व्य.स. अध्यक्षबाट प्राप्त जानकारी अनुसार कतिपय शिक्षकहरु सैद्धान्तिक रुपमा दक्ष रहेर पनि उनीहरुको प्राविधिक सीप प्रभावकारी नभएको हुँदा शिक्षण प्रभावकारी नभएको तथा विद्यार्थीको सीप विकास पनि प्रभावकारी ढंगबाट हुन नसकेको जानकारी प्राप्त भएको छ ।

### ४.३.२ विद्यालयको कमजोर आर्थिक अवस्था

कुनै पनि विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गराउनु भनेको एक चुनौतिको कुरा हो भनेर भन्न सकिन्छ । विद्यार्थीलाई दक्ष बनाउन तथा व्यवसायिक शिक्षाका माध्यमले उनीहरुको सीप विकास गर्नका लागि पर्याप्त मात्रामा शैक्षिक सामग्री हुनुका साथै उपर्युक्त शिक्षण स्थलको समेत व्यवस्था हुनु आवश्यक रहन्छ । छनोटमा परेका विद्यालयहरुमा विद्यालयको आर्थिक अवस्था कमजोर भएकै करणले पनि व्यवसायिक शिक्षा शिक्षणमा समस्या परेको तथ्य

अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो । विद्यालयको आर्थिक अवस्था कमजोर भएका कारण निजीस्रोतमा राखिएका शिक्षकहरुलाई पनि भनेजस्तो तलब दिन नसकेको, व्यवसायिक शिक्षा अध्यापन गराउनका लागि दरवन्दिका शिक्षकहरु अत्यन्त कम रहेकोले बाध्य रहेर निजीस्रोतका शिक्षकहरुलाई नै राख्नु पर्ने, दक्ष शिक्षक राख्दा पर्याप्त मात्रामा तलब तथा सुविधा दिन नसकिने, आवश्यक शैक्षिक सामग्रीहरु जुटाएर प्रयोगात्मक ढंगबाट अध्यापन गराई सीकाइलाई प्रभावकारी बनाएर विद्यार्थीको सीप विकासमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकिएको तथ्य विद्यालय प्रशासन तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट जानकारी प्राप्त भएको थियो । अध्ययन गर्नका लागि आवश्यक पर्ने सामग्रीहरु उपलब्ध नहुँदा र व्यवस्थित ल्याब नभएका करण कतिपय राखिएका शैक्षिक सामग्रीहरु फेरी खोज्दा नपाउने, विद्यार्थीलाई देखाउनका लागि समेत समस्या पर्ने प्रभावकारी ढंगबाट शिक्षण हुन नसक्दा सैद्धान्तिक शिक्षालाई नै बढी प्राथमिकता दिएर अध्यापन गराउँदा व्यवसायिक शिक्षा भनिए तापनि उनीहरुको दैनिक जीवनमा प्रयोग हुने गरी अध्यापन गराउन नसकी केवल जाँच पासलाई नै मध्यनजर गर्नु पर्ने बाध्यात्मक अवस्थाकै कारणले पनि व्यवसायिक शिक्षाको अध्यापन गरेर पनि प्रभावकारी हुन नसकेको भन्ने जस्ता जिज्ञासाहरु शिक्षकबाट प्राप्त भएको छ भने विद्यालयको कमजोर आर्थिक अवस्थाकै कारण व्यवसायिक शिक्षाका लागि आवश्यक पर्ने कक्षाकोठा, डेक्सबेन्च, प्रयोगशालाहरु, शैक्षिक सामग्री जस्ता कुराहरुको अभावका कारणले प्रभावकारी ढंगबाट अध्यापन गर्न नसकेको तथ्य प्राप्त भएको छ ।

### ४.३.३ आवश्यक शैक्षिक सामग्री तथा प्रयोगशालाको अभाव

व्यवसायिक शिक्षा भनेको प्रयोगमा आधारित शिक्षा हो । यसका लागि पर्याप्त मात्रामा शैक्षिक सामग्रीको आवश्यकता रहेको हुन्छ । छनोटमा परेको अध्ययन स्थलको प्रयोगशाला तथा शैक्षिक सामग्रीको अवस्थालाई हेर्दा अत्यन्त न्यून रहेको पाइयो । छनोटमा परेका चारवटै विद्यालयको प्रयोगाशालाको अवस्था त्यति राम्रो नभएको कृषि विषयको पढाइ हुने श्री भृकुटी मा.वि.को शिक्षण अवस्थालाई हेर्दा कृषिसँग सम्बन्धित आवश्यक शैक्षिक समग्रीहरु नभएको हुँदा कृषि प्रधान देशमा अध्यापन गरिएको कृषि विषय पनि प्रभाकारी रहन नसकेको भन्ने जस्ता तथ्यहरु

शिक्षकसँगको अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । कृषिका लागि आवश्यक सन्दर्भ पुस्तकहरु पुस्तकालयमा पर्याप्त मात्रामा नराखिएको हुँदा तोकिएको विषयलाई मात्र आधार मान्नै पर्ने हुँदा शिक्षण प्रभावकारी हुन नसकेको पाइयो । त्यसैगरी शिक्षा विषयको अध्यापन हुँदै आएको श्री कालिका उ.मा.वि.मा पनि प्रयोगाशाला तथा शैक्षिक समामग्रीको अवस्था न्यून नै रहेको पाइयो । स्थानीय स्तरका शैक्षिक सामग्रीहरुबाट अध्यापन गराउँदै आएको भएता पनि विद्यालयले बजारबाट खरिद गरेर ल्याउनु पर्ने शैक्षिक सामग्री भने पर्याप्त मात्रामा नभएको, शिक्षा विषयकै अध्यापन गराउँदा पनि शिक्षकले फलाटिन पाटी तथा गोजि तालिकको प्रयोग नगरी केवल किताब पढ्न लगाउने र त्यसको व्याख्या गरेर पढाउने गरेको, शिक्षा विषय अध्यापनका लागि आवश्यक पर्ने चित्र तथा सान्दर्भिक शैक्षिक समग्री अभाव भएको हुँदा विद्यार्थीलाई प्रभावकारी ढंगले अध्यापन गराउन नसकेको तथ्य शिक्षकसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

### ४.३.४ शिक्षकलाई तालिमको अभाव

व्यवसायिक शिक्षाको अध्यापन गराउने शिक्षकलाई समय समयमा पर्याप्त मात्रामा तालिमको व्यवस्था हुनु आवश्यक रहन्छ । व्यवसायिक विषयको अध्यापन गराउँदै आएका छनोटमा परेका विद्यालयहरुमा शिक्षकहरुलाई दिइने तालिमका सम्बन्धमा गरिएको छलफल तथा अनुसन्धान अनुसार अन्य विषय सरह व्यवसायिक शिक्षालाई तालिम दिने प्रावधान नरहेको, व्यवसायिक शिक्षाका लागि दक्ष प्रशिक्षकको आवश्यकता पर्ने र शिक्षामा लगानी पनि धेरै हुने हुँदा अरु विषय सरह तालिम दिन नसकेको भन्ने तथ्य स्रोतव्यक्तिसँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको थियो भने व्यवसायिक शिक्षा अध्यापन गर्ने शिक्षकहरु आफैमा दक्ष रहेका हुन्छन्, आफूहरुले अध्ययन गरेको तथा दैनिक जीवनमा भोगेको क्रियाकलापका आधार पनि अध्यापन गराइहाल्छन्, कक्षा नौ दशमा व्यवसायिक शिक्षा अध्यापन गराउनका लागि विषय विषविज्ञको आवश्यक नै पर्छ भन्ने हुँदैन भन्ने जस्ता उत्तरहरु समेत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्र.अ.हरुसँगको छलफलबाट जानकारी प्राप्त भएको थियो ।

### ४.३.५ शिक्षकहरुमा पेशाप्रति उत्साहको कमी

विद्यालयमा अध्यापन गराउँदै आएको व्यवसायिक शिक्षाको अध्यापनका क्रममा शिक्षकहरु आफ्नो शिक्षण कार्यप्रति निराशाजनक भएकै कारणबाट पनि शिक्षणकार्य प्रभावकारी हुन नसकेको पाइयो । कतिपय करार तथा निजीस्रोतमा रहेका शिक्षकहरु आफ्नो पेशा असुरक्षित रहेकै कारण भोलिका दिनहरुमा राम्रो अवसर पाएर अर्को ठाउँमा जाने मनसाय रहेकै कारण शिक्षण पेशालाई केवल कामचालाउको रुपमा मात्रै प्रयोगमा ल्याएको भन्ने जस्ता तथ्य समेत अनुसन्धानबाट जानकारी प्राप्त भएको छ । त्यसैगरी अनुसन्धानकै क्रममा शिक्षकहरुसँग गरिएको छलफल अन्तरक्रिया अनुसार तल्लो दरबन्दिमा बसेर पनि माथिल्लो तहमा व्यवसायिक शिक्षाको अध्यापन गराउँदा आफूहरुमा अध्यापन प्रति जोस नरहेको, विद्यालय प्रशासन तथा विद्यालय व्यवस्थापन समितिले आफ्ना गुनासाहरु नसुनी दिएको र व्यवसायिक शिक्षालाई केवल कामचलाउ शिक्षाको रुपमा हेरेको हुँदा शिक्षक एक्लैले चाहेर पनि शिक्षण क्रियाकलाप प्रभावकारी बनाउन नसकिने र यसरी अध्यापन गराइएको शिक्षाले भोलिका दिनहरुमा बालबालिकाको प्राविधिक शिक्षामा कुनै पनि उल्लेख्नीय भूमिका निर्वाह गर्न नसक्ने तथ्य समेत अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

### ४.३.६ शिक्षकलाई प्रोत्साहनको अभाव

विद्यालयमा व्यवसायिक शिक्षाको अध्यापन गराउने शिक्षकहरुलाई प्रोत्साहन स्वरुप तलब भत्ता तथा सेवा सुविधामा वृद्धि गर्नुका साथै विशेष पुरस्कारको व्यवस्था गर्न सकेको खण्डमा उनीहरुमा पेशाप्रति अभिरुची बढ्न जाने देखिन्छ । छनोटमा परेका विद्यालयहरुमा अनुसन्धानकर्ताले गरेको अवलोकन अनुसार व्यवसायिक शिक्षा अध्यापन गरेका शिक्षकहरुलाई प्रोत्साहन स्वरुप कुनै थप भत्ता तथा पुरस्कारको व्यवस्था गरेको पाइएन । छनोटमा परेका विद्यालयका शिक्षक तथा प्र.अ.लाई व्यवासायिक शिक्षाको अध्यापन गराउने शिक्षकहरुलाई प्रोत्साहन स्वरुप विद्यालयले के कस्तो व्यवस्था गरेको छ ? भनेर प्रश्न गर्दा व्यवसायिक शिक्षा अध्यापन गराउने शिक्षकले पनि अन्य शिक्षकहरुले बराबर पिरियड अध्यापन गराउनु परेको, प्रा.वि. तहका शिक्षकहरुलाई माध्यमिक तहमा व्यवसायिक शिक्षाको अध्यापन गराउन

लगाइएको तर थप सेवा सुविधा केही पनि  नदिँदा पेशाप्रति निरुत्साह जागेको तथ्य समेत शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । विद्यालयको आर्थिक अवस्था कमजोर रहेको हुँदा व्यवसायिक शिक्षा अध्यापन गराउने शिक्षकहरुका लागि थप सेवा सुविधा प्रदान गर्न नसकेको तथ्य विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्र.अ.बाट जानकारी प्राप्त भएको छ ।

### ४.३.७ विद्यालयमा बढ्दो राजनीतिक प्रभाव

विद्यालयमा बढ्दो राजनीतिक प्रभावकै कारणले विद्यालयमा अध्यापन हुने व्यवसायिक शिक्षा प्रभावकारी हुन नसकेको पाइयो । शिक्षकहरुले शिक्षण पेशालाई भन्दा राजनीतिलाई बढी प्रथमिकता दिने, पार्टीको कार्यमा व्यस्त र रहने  हुँदा व्यवसायिक विषय अध्यापन गराउने शिक्षक भएर पनि आफ्नो जिम्मेवारी पूरा गर्न नसक्दा शिक्षण प्रभावकारी हुन नसकेको तथ्य प्र.अ.सँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको थियो भने विद्यालयमा बढ्दो राजनीतिक प्रभावकै कारण शिक्षक भएर पनि एक न एक पार्टी तर्फ झुकाव हुनै पर्ने, पार्टीको काममा लाग्नै पर्ने जस्ता बाध्यात्मक कारणहरुले गर्दा अध्यापन कार्य प्रभावकारी हुन नसकेको जानकारी शिक्षकहरुबाट प्राप्त भएको छ । दक्ष तथा इमान्दार शिक्षक पनि राजनीतिक प्रभावकै कारण पछाडी पर्ने, सरुवा हुने, पार्टीगत हिसाबले उसलाई अध्यापन गर्ने उपयुक्त वातावरण सृजना नहुने जस्ता कारणहरुले सक्षम भएर पनि अध्यापन प्रति रुचि नहुने, कुशल शिक्षक बनेर अध्यापन गर्न भन्दा कुशल राजनीतिज्ञ बन्न सकेको खण्डमा भविष्य उज्वल हुने हुँदा विद्यालय पनि एक राजनीतिक थलोको रुपमा स्थापित भएको छ भन्ने जस्ता गुनासाहरु समेत शिक्षकहरुबाट जानकारी प्राप्त भएको छ ।

### ४.३.८  व्यवसायिक शिक्षा प्रति अभिभावकको जनचेतनामा कमी

कुनै पनि बालबालिकाको शिक्षा आर्जन गर्ने प्रथम थलो भनेको नै घर हो । विद्यालय अवस्थाका केटाकेटीहरुकै कुरा गर्ने हो भने पनि विद्यालयमा ६ घण्टा र घरमा उनीहरुले १८ घण्टा समय विताएका हुन्छन् । जब घरका बाबु आमा नै शिक्षित छैनन् र उनीहरुलाई नै व्यसायिक शिक्षाको सम्बन्धमा जानकारी छैन भने विद्यालयमा व्यवसायिक शिक्षा प्रभावकारी ढंगबाट शिक्षण हुन सक्दैन । छनोटमा परेका विद्यालयका अभिभावकहरुको व्यवसायिक शिक्षाप्रति धारणा के कस्तो

छ ? उनीहरुले आफ्ना बाबुनानीहरुका लागि के कस्तो वातावरणको सृजना गरेका छन् भन्ने कुरालाई आधार मानेर अभिभावक तथा विद्यार्थीहरुसँग गरिएको छलफल अन्तरक्रिया अनुसार अभिभावकमा व्यवसायिक शिक्षाप्रति ज्ञानको कमी रहेको पाइयो । आजभन्दा अगाडि अध्ययन गर्ने छोराछोरीहरुले किताब नै घोकेर पास भए, पढेर जागिर खाएकै छन् ? पैसा पनि खासै खर्च गरेको होइन, किन चाहियो यो व्यवसायिक शिक्षा ? जसरी पनि किताबै पढ्ने त हो नि भन्ने जस्ता उत्तर समेत अभिभावकसँगको अन्तरवार्ता प्रश्नावलीबाट जानकारी प्राप्त भएको छ । विद्यालय व्यवस्थापन तथा विद्यालय प्रशासनले पनि समय समयमा अभिभावक भेला बोलाएर उनीहरुलाई व्यवासायिक शिक्षाका सम्बन्धमा जानकारी नगराइएको, व्यवसायिक शिक्षा भनेको के हो ? किन चाहिन्छ ? शैक्षिक सामग्रीहरु उपलब्ध गराइदिन पऱ्यो भन्दा पनि आफूहरुलाई कुनै ज्ञानै नभएको हुँदा कुनै चासो नरहेको, शिक्षक तथा प्र.अ.ले पनि आफूहरुलाई कुनै जानकारी नदिएको हुँदा विद्यालयमा कस्तो शिक्षा छ ? के कसरी अध्यापन गराइँदै आएका छ भन्ने पनि आफूलाई थाहै नरहेको भन्ने जस्ता गैर जिम्मेवारीपूर्ण उत्तरहरु समेत अभिभावकहरुसँगको अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

### ४.३.९ निरीक्षण तथा अनुगमनको अभाव

विद्यालयमा सञ्चालन गरिएको व्यवसायिक शिक्षा के कसरी सञ्चालन भएको छ ? त्यसमा विद्यालय प्रशासन तथा शिक्षकका के कस्ता कमी कमजोरी रहेका छन् ? त्यसलाई निराकरण गर्न के गर्नुपर्ला भन्ने जस्ता कुराहरुमा स्रोतकेन्द्रबाट समय समयमा निरीक्षण तथा अनुगमन हुन सकेको खण्डमामात्र प्रभावकारी ढंगबाट शिक्षण हुन सक्दछ । विद्यालयको व्यवासायिक शिक्षाको बारेमा के कसरी निरीक्षण अनुगमन हुने गरेको छ ? भनेर स्रोतव्यक्तिसँग गरिएको छलफल अन्तरक्रिया अनुसार स्रोतकेन्द्रमा धेरै विद्यालय रहेको, कार्यबोझ बढी भएको हुँदा समय समयमा विद्यालयमा गएर अध्ययन अनुगमन गरिएको भए पनि प्राविधिक शिक्षाको बारेमा विशेष अवलोकन तथा निरीक्षण हुन नसकेको पाइयो । स्रोतव्यक्ति आफै पनि व्यवसायिक शिक्षाप्रति अनविज्ञ रहेको हुँदा निरीक्षण अनुगमन गरेर त्यसका लागि उचित सुझाव प्रदान गर्नका लागि आफैलाई असहज हुने हुँदा व्यवसायिक शिक्षाका बारेमा उचित ढंगबाट

निरीक्षण अनुगमन गर्न नसकिएको र के कसरी अध्यापन गरेका छन् ? कसरी पढाउँदा व्यवस्थित हुन सक्छ भन्ने बारेमा सुझाव प्रस्तुत नगरेको भन्ने तथ्य समेत स्रोतव्यक्तिबाट जानकारी प्राप्त भएको थियो ।

### ४.४ व्यवसायिक शिक्षा शिक्षणमा देखापरेका समस्या निराकरणका उपायहरु

नेपाली परिवेशमा व्यवसायिक शिक्षाको सुरुवात भएको धेरै समय नभएको, विद्यालयको आर्थिक अवस्था कमजोर, तालिम प्राप्त शिक्षकहरुको अभाव जस्ता थुप्रै कारणहरुले गर्दा सामुदायिक विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गराउँदा विभिन्न प्रकारका समस्याहरु देखापरेको पाइयो । यसरी देखिएका समस्याहरुको निराकरणका लागि के कस्ता उपायहरु अपनाउन सकिन्छ भनेर अध्ययन स्थलका शिक्षक, प्र.अ, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति, विद्यार्थीहरुसँग गरिएको छलफल अन्तरक्रिया अनुसार विभिन्न राय सल्लाह, आफूहरुले गरेका योगदानहरु र भोलिका दिनमा देखा परेका समस्या निराकरणका उपायहरु समेत जानकारी प्राप्त भएका छन् जसलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

#### ४.४.१ योग्यता पुगेका शिक्षकहरुको नियुक्ति गरिनु पर्ने

सामुदायिक विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गराउँदा दक्ष शिक्षकको अभाव एक प्रमुख समस्याका रुपमा रहेको पाइयो । व्यवसायिक शिक्षा अध्ययन गर्ने शिक्षकहरु न्यून मात्रामा भएकै कारण योग्यतै नपुगेका शिक्षकहरुलई अध्यापन कार्यका लागि नियुक्ति गरिएको परिपाटीले शिक्षण कार्यमा समस्या देखिएका हुँदा विद्यालयमा व्यवसायिक शिक्षाको शिक्षणमा देखा परेका समस्या निराकरण गर्नका लागि योग्यता पुगेका शिक्षकहरुलाई नियुक्ति गर्न सकेको खण्डमा व्यवसायिक शिक्षा शिक्षणमा देखा परेको समस्याको निराकरण हुन गई विद्यार्थीको प्राविधिक सीप विकास गर्नमा सहयोग पुग्ने कुराको जानकारी प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्राप्त भएको थियो । शिक्षक नियुक्ति गर्दा सैद्धान्तिक ज्ञानलाई मात्र आधार नमानी उसको व्यवहारीक पक्षलाई बढी प्राथमिकता दिएर नियुक्ति गर्न सकिएको खण्डमा भोलिका

दिनहरुमा बालबालिकामा प्राविधिक ज्ञान आर्जन गराउनका लागि शिक्षक सक्षम हुने, व्यवसायिक शिक्षा शिक्षणका लागि छनोट गरिएका शिक्षककहरुको अध्यापन गर्ने शैलीलाई मात्र प्रयोगात्मक परीक्षाका रुपमा नहेरी उसले जुन व्यवसायिक विषय अध्यापन गराउने हो त्यसको व्यवहारमा प्रयोग गर्न जानको छ या छैन भन्ने कुराहरुको समेत अध्ययन अनुसन्धान गरेर नियुक्ति गर्न सकेको खण्डमा व्यवसायिक शिक्षा शिक्षणमा थप प्रभावकारी हुने तथ्य विद्यार्थी एवम् अभिभावककहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । त्यसैगरी अनुसन्धानकर्ताले स्रोतव्यक्तिसँग गरिएको अध्ययन अनुसन्धान अनुसार विद्यालयमा शिक्षकको नियुक्ति गर्दा हाम्रा शिक्षकलाई भन्दा राम्रा शिक्षकलाई बढी प्राथमिकता दिएर शिक्षा नियमावलीमा तोकिए अनुसार प्रक्रिया पुऱ्याएर नियुक्ति गर्नका लागि कुनै पनि बाधक तत्वहरु सम्बन्धित सरोकारवालाहरुलाई सृजना नभएको खण्डमा दक्ष शिक्षकको नियुक्ति हुन गई व्यवसायिक शिक्षा अध्यापनमा थप प्रभावकारी हुने तथ्य प्राप्त भएको छ ।

### ४.४.२ विद्यालयको आर्थिक अवस्थामा सुधार गर्नु पर्ने

कुनै पनि विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गराउनु भनेको एक चुनौतिको कुरा हो छनोटमा परेका विद्यालयहरुमा व्यवसायिक शिक्षाका माध्यमले विद्यार्थीको प्राविधिक सीप विकास गर्नका लागि  के कस्ता उपायहरु अपनाउन सकिन्छ भनि गरिएको अन्तरवार्ता प्रश्नावलीमा विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँगको अन्तरवार्ता प्रश्नावलीबाट प्राप्त तथ्य अनुसार विद्यालयको आर्थिक अवस्थामा सुधार गर्न सकेको खण्डमा  व्यवसायिक शिक्षणलाई थप प्रभावकारी बनाउन सकिने तथ्य प्राप्त भएको छ । छनोटमा परेका विद्यालयहरुका प्र.अ.बाट प्राप्त जानकारी अनुसार व्यवसायिक शिक्षालाई प्रभवाकारी ढंगले अध्यापन गराउनका लागि पर्याप्त मात्रामा शैक्षिक सामग्रीको आवश्यकता पर्ने, आवश्यक कच्चापदार्थहरु जुटाउनु पर्ने हुनाले विद्यालयको आर्थिक स्रोत मजबुत हुनु पर्ने भएकाले विद्यालयको आर्थिक अवस्था सुधार गरी  आवश्यक शैक्षिक सामग्रीको खरिद गरेर व्यवसायिक विषय शिक्षणलाई प्रभावकारी बनाउनका लागि विभिन्न घरदैलो कार्यक्रमबाट आर्थिक संकलन गरिएको, देउसी भैलो तथा विभिन्न साँस्कृतिक कार्यक्रमहरु गरिएको, भोलिका

दिनहरुमा विद्यालयको आर्थिक अवस्था मजबुत बनाउनका लागि धनधन्यान्चल जस्ता कार्यक्रमहरु गरेर, विभिन्न एन.जि.ओ. तथा आइ.एन.जि.ओ हरुबाट सहयोग संकलन गरेर आर्थिक अवस्थामा सुधार गरिएको जानकारी समेत प्र.अ.बाट प्राप्त भएको छ भने अभिभावक, शिक्षक, तथा विद्यालय व्यवस्थापन समितिबाट प्राप्त जानकारी अनुसार विद्यालयको आर्थिक अवस्था सुधार गर्नका लागि अभिभावक, विद्यालय प्रशासन, विद्यार्थी सबै एक जुट भएर आर्थिक संकलनमा लाग्नु पर्ने र एकले अर्कालाई दोषारोपण नगरीकन विद्यालयका आर्थिक अवस्था सुधारका लागि लागि परेमा अध्यापन गरिदै आएको व्यवसायिक शिक्षाको शिक्षण कार्य प्रभावकारी भई विद्यार्थीको सीप विकासमा उल्लेख्य भूमिका निर्वाह हुनुका साथै भोलिका दिनहरुमा अरु थप व्यवसायिक विषयहरु थप गरेर शिक्षण गर्न सकिने जानकारी प्राप्त भएको छ ।

### ४.४.३ आवश्यक शैक्षिक सामग्री तथा प्रयोगशाला व्यवस्थापन

व्यवसायिक शिक्षा भनेको प्रयोगमा आधारित शिक्षा हो । यसका लागि पर्याप्त मात्रामा शैक्षिक सामग्रीको आवश्यकता रहेको हुन्छ । छनोटमा परेको अध्ययन स्थलका उत्तरदाताहरुसँगको राय तथा छलफलअन्तरक्रिया अनुसार विद्यालयमा व्यवसायिक शिक्षाका लागि छुट्टै प्रयोगशालाको व्यवस्थापन गर्न सकिएका खण्डमा शिक्षणलाई थप प्रभावकारी बनाउन सकिने, आवश्यक शैक्षिक सामग्रीहरु प्रभावकारी ढंगबाट व्यवस्थापन गर्न सकेमा चाहिएको समयमा आवश्यक शैक्षिक सामग्रीहरुको प्रयोग गरेर देखाउन सकेको खण्डमा विद्यार्थीहरुले सहजै बुझ्न सक्ने, व्यवहारमा आधारित शिक्षा भएको हुँदा व्यवहार उपयोगी हुनेगरी शिक्षण गर्नका लागि स्थानीय स्तरका शैक्षिक सागम्रीहरुको निर्माण गरेर, आवश्यक पर्ने शैक्षिक सामग्रीहरु बजारबाट किनरे ल्याएर भए पनि विद्यार्थीहरुका लागि स्पष्ट र व्यवहारिक ढंगले अध्यापन गराउनका लागि विद्यालय प्रशासन लागि परिनै रहेको र यसलाई अझ प्रभावकारी बनाउन सकेको खण्डमा विद्यार्थीको प्राविधिक सीप विकासमा प्रभावकारी भूमिका निर्वाह हुने तथ्य प्राप्त भएको छ।

### ४.४.४ शिक्षकलाई तालिमको व्यवस्था गरिनु पर्ने

व्यवसायिक शिक्षाको अध्यापन गराउने शिक्षकलाई समय समयमा पर्याप्त मात्रामा तालिमको व्यवस्था हुनु आवश्यक रहन्छ । छनोटमा परेका विद्यालहयरुमा व्यवसायिक शिक्षालई प्रभावकारी बनाउनका लागि शिक्षकलाई तालिमको व्यवस्था गर्न सकेको खण्डमा शिक्षण कार्यमा थप सुधार आउने तथ्य समेत प्राप्त भएको छ । छनोटमा परेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्र.अ.सँगको अन्तरवार्ता अनुसार व्यवसायिक शिक्षा भनेको समय सापेक्ष परिवर्तन हुँदै जाने शिक्षा भएको, आजको शिक्षा भोलिका दिनमा काम नलाग्न पनि सक्ने, आज दक्ष रहेको शिक्षक भोलिका दिनहरुमा अध्यापन गर्न नसक्ने अवस्था पुग्न सक्ने अवस्था रहेको हुँदा समयानुसार अध्यावधिक गराउनका लागि शिक्षकलाई तालिमको व्यवस्था गर्नु शिक्षण सिकाइ प्रभावकारी बनाउने प्रमुख उपाय रहेको तथ्य समेत अनुसन्धानबाट जानकारी प्राप्त भएको छ । विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकहरुसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी अनुसार एउटा कोरा शिक्षकलाई केवल किताबी ज्ञानमात्र थाहा हुन्छ ताकि एउटा तालिम प्राप्त शिक्षकलाई किताबी ज्ञानका साथै त्यसको व्यवहारिक उपयोगका बारेमा समेत जानकारी प्राप्त हुने हुँदा शिक्षकलाई आवश्यक तालिम दिएर  अध्यापन गर्न सकेको खण्डमा व्यवसायिक शिक्षा शिक्षणमा थप प्रभाकारी भई विद्यार्थीको सीप विकासमा सुधार गर्न सकिन्छ भन्ने कुराको जानकारी प्राप्त भएको छ ।

### ४.४.५ शिक्षकहरुलाई पेशाप्रति प्रोत्साहन गर्नुपर्ने

विद्यालयमा विद्यार्थीको सीप विकासलाई लक्षित गरेर अध्यापन गराइएको व्यवसायिक शिक्षाको अध्यापनका लागि शिक्षकहरुलाई आफ्नो पेशाप्रति प्रोत्साहित गर्नुपर्ने तथ्य स्रोतव्यक्ति तथा प्र.अ.बाट जानकारी प्राप्त भएको छ । छनोटमा परेका विद्यालयहरुमा विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गराउन शिक्षकलाई आफ्नो पेशाप्रति प्रोत्साहन गर्नका लागि के कस्ता कार्यकलापहरु गर्न आवश्यक छ ? आज भन्दा अगाडिका दिनहरुमा विद्यालयले के कस्ता नीतिहरु अपनाउँदै आएको छ भनेर जानकारी प्राप्त गर्नका लागि अनुसन्धानकर्ताले गरेको अध्ययन अनुसन्धानमा विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा शिक्षकबाट प्राप्त

जानकारी अनुसार विद्यालयमा शिक्षकहरुलाई आफ्नो पेशाप्रति प्रोत्साह गर्नका लागि केही कदमहरु चालिएको, उत्कृष्ट अध्यापन गर्ने शिक्षकलाई प्रमाणपत्र तथा पुरस्कारको व्यवस्था गरिएको तर यो प्रभाकारी ढंगबाट हुन नसकेको, दिइने सेवा सुविधा तथा तलबभत्ता पनि वृद्धि गरेर शिक्षकको पेशा सुरक्षाको समेत ग्यारेन्टी भएको खण्डमा अध्यापन गराउने शिक्षकहरु आफ्नो पेशाप्रति प्रोत्साहित भइ शिक्षण प्रभाकारी हुने तथ्य प्राप्त भएको छ ।

### ४.४.६ विद्यालयमा बढ्दो राजनीतिक प्रभावको अन्त्य गरिनु पर्ने

शिक्षकहरुले शिक्षण पेशालाई भन्दा राजनीतिलाई बढी प्रथमिकता दिने, पार्टीको कार्यमा व्यवस्त रहने हुँदा व्यवसायिक विषय अध्यापन गराउने शिक्षक भएर पनि आफ्नो जिम्मेवारी पूरा गर्न नसक्दा शिक्षण प्रभावकारी हुन नसकेको तथ्य प्र.अ.सँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको थियो यसरी देखापरेको समस्यालाई न्यूनीकरण गरेर विद्यालयमा शिक्षण प्रक्रिया प्रभाकारी बनाई विद्यार्थीहरुमा सीप विकास गर्नका लागि राजनीतिक प्रभावलाई अन्त्य गरिनु पर्ने भएको हुँदा कुनै पनि शिक्षक राजनीतिक आड, भरोसा र घरयासी कामधन्दाका कुराहरु देखाएर विदा बस्न नपाइने, विदामा बस्दा किन र के कारणले विदा चाहिएको हो ? सो को प्रष्ट जानकारी प्र.अलाई हुनु पर्ने, विद्यालय प्र.अ. पनि आफ्नो स्व इच्छाले विदा बस्ने तथा विद्यालयमा अनुपस्थित हुने, विद्यालय आएर पनि बीचैमा जाने जस्ता कार्यकलाप गरेको खण्डमा शिक्षकहरुले सुझाव प्रदान गर्न पाउने वातावरण मिलाएको तथ्य समेत प्र.अ.बाट जानकारी प्राप्त भएको छ भने धेरै जासो विद्यालयका प्र.अ. , विद्यालय व्यवस्थाप समिति, शिक्षक अभिभावक र विद्यार्थीहरुबाट प्राप्त जानकारी अनुसार विद्यालयमा राजानीतिक प्रभाव पर्नु भनेको नै विद्यार्थीको शैक्षिक अवस्था खस्कनु भएको हुँदा यसको निराकरणका लागि सम्बन्धित सबैले गम्भीरताका साथ सोच्नु पर्ने, शिक्षक एक्लैले, व्यवस्थापन समितिले, विद्यालय प्र.अ.ले मात्रै नभई शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन सबै मिलेर राजनीतिक प्रभावलाई अन्त्य गरी भय रहित वातावरणको सृजना गरेर अध्ययन अध्यापन हुने वातावरण सृजना गर्न सकेमा मात्रै व्यवसायिक शिक्षा शिक्षणलाई प्रभाकारी ढंगबाट शिक्षण गरी विद्यार्थीको प्राविधिक सीप विकास गर्न सकिन्छ भन्ने जानकारी प्राप्त भएको छ ।

### ४.४.७ अभिभावकलाई जनचेतना दिनु पर्ने

कुनै पनि बालबालिकाको शिक्षा आर्जन गर्ने प्रथम थलो भनेको नै घर हो । विद्यालय अवस्थाका केटाकेटीहरुकै कुरा गर्ने हो भने पनि विद्यालयमा ६ घण्टा र घरमा उनीहरुले १८ घण्टा समय विताएका हुन्छन् । जब घरका बाबु आमा नै शिक्षित छैनन् र उनीहरुलाई नै व्यवसायिक शिक्षाको सम्बन्धमा जानकारी छैन भने विद्यालयमा व्यवसायिक शिक्षा प्रभावकारी ढंगबाट शिक्षण हुन सक्दैन । छनोटमा परेका विद्यालयमा व्यवसायिक शिक्षाको शिक्षणमा देखा परेका समस्या निराकरणगर्नका लागि के कस्ता उपायहरु सुझाउन सकिन्छ भनी गरिएको अध्ययन अनुसन्धान अनुसार समय समयमा अभिभावकलाई विद्यालयमा बोलाएर जानकारी दिनुर्पे, विद्यालय व्यवस्थापन समिति, तथा विद्यालय व्यवस्थापन समितिले अभिभावकलई बोलाई व्यवसायिक शिक्षा भनेको के हो ? घरमा बाबु नानीलाई के कसरी अध्यापन गर्ने, उनीहरुका लागि के कस्ता शैक्षिक सामग्रीहरुको आवश्यकता पर्दछ ? घरमा के कस्तो वातावरण मिलाउनु आवश्यक छ ? भन्ने जस्ता कुराहरुको बारेमा विद्यालयले अभिभावकलाई जानकारी दिन सकेको खण्डमा र घरमा अभिभावकहरुले पनि विद्यार्थीलाई अध्ययनका लागि प्रोत्साहन गर्ने, उनीहरुका कमीकमजोरीहरुको निराकरण गरिदिने हुँदा शिक्षण प्रभाकारी भई विद्यार्थीको प्राविधिक सीप विकास हुने तथ्य प्राप्त भएको थियो भने स्रोतकेन्द्र स्तरबाटै अभिभाक शिक्षाको व्यवस्था हुन सकेको खण्डमा अझ प्रभाकारी हुने तथ्य समेत विद्यालय प्रशासन र शिक्षकबाट जानकारी प्राप्त भएको छ ।

### ४.४.८ समय समयमा निरीक्षण तथा अनुगमन गरिनु पर्ने

विद्यालयमा सञ्चालन गरिएको व्यवसायिक शिक्षा के कसरी सञ्चालन भएको छ ? त्यसमा विद्यालय प्रशासन तथा शिक्षकका के कस्ता कमी कमजोरी रहेका छन् ? त्यसलाई निराकरण गर्न के गर्नुपर्ला भन्ने जस्ता कुराहरुमा स्रोतकेन्द्रबाट समय समयमा निरीक्षण तथा अनुगमन हुन सकेको खण्डमामात्र प्रभावकारी ढंगबाट शिक्षण हुन सक्दछ भन्ने कुराको सही पहिचान गरी आवश्यक राय सुझाव प्रदान गर्नका लागि सम्बन्धित सरोकारवालाहरुले विद्यालयमा आएर निरीक्षण एवम् अनुगमन गर्न सकेको खण्डमा व्यवसायिक शिक्षा शिक्षणमा प्रभावकारी हुने तथ्य अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि अध्ययनकर्ताले प्राप्त तथ्यांकहरुको व्याख्या एवम् विश्लेषण गरी त्यसबाट प्राप्त प्राति, निष्कर्ष र आवश्यक सुझावहरु पेश गर्नु अनुसन्धान कर्ताको प्रमुख दायित्व अन्तर्गत पर्दछ । व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव नामक शीर्षकमा गरिएको यस शोधपत्रमा प्रप्ति, निष्कर्ष तथा सुझावहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ५.१ प्राप्ति

यस अध्ययनबाट प्राप्त तथ्याङ्कहरुको ब्याख्या तथा विश्लेषण, अर्न्तवार्ता प्रश्नावली, अवलोकन फारम, स्रोतव्यक्ति, प्र.अ., शिक्षक र विद्यार्थीहरुसँगको प्राप्त तथ्य अनुसार छनोटमा परेका चारवटै विद्यालयहरुमा विभिन्न किसिमका व्यवसायिक शिक्षाहरु (कृषि, लेखा, कम्प्युटर) शिक्षाहरु नभइ एउटा विद्यालयमा एउटा मात्रै व्यवसायिक शिक्षा अध्यापन गराइएको । विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गरिएको भएता पनि विद्यार्थीको मूल्यांकन प्रणाली, शिक्षण प्रक्रिया भने पुरानै परिपाटीको रहेको पाइयो । विद्यालयमा व्यसायिक शिक्षा अध्यापन गरिएको भएतापनि किताबी ज्ञानलाई नै बढी प्राथमिकता दिइँदै आएको तथ्य समेत अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

विद्यालयमा पढाइ भएको व्यवसायिक शिक्षाले केही मात्रामा भए पनि विद्यार्थीको सीप विकास गर्नमा सहयोग गरेको पाइयो । शिक्षा विषय अध्यापन गर्ने विद्यालयका बालबालिकामा आफूले प्राप्त गरेका ज्ञानसीपहरु अरु समक्ष के कसरी प्रदान गर्ने ? मानव वृद्धि र विकासका क्रममा विभिन्न चरणहरुमा देखापर्ने शारीरिक, मानसिक र संवेगात्मक परिवर्तनलाई आत्मसाथ गरी समय सापेक्ष व्यवहार निर्माण गर्नमा सहयोग पुगेको भन्ने जस्ता तथ्यहरु प्राप्त भएका छन् । त्यसैगरी कृषि विषयको अध्यापन हुने विद्यालयका बालबालिकाहरुमा विरुवामा के कस्ता रोगहरु लाग्दछन् ? कुन समयमा कस्तो बाली लगाउनु पर्दछ ? बालिका प्रकारहरुको बारेमा जानकारी

हुनुका साथै आफूले विद्यालयमा सीकेका ज्ञानहरुलाई व्यवहारमा प्रयोग गरेर घरमा करेसावारी निर्माण गर्ने, फलफूल खेतिमा अभिभावकलाई सघाउने जस्ता कार्यहरु गर्ने गरेको पाइयो । भने लेखा विषयको अध्यापन भएका विद्यालयका बालबालिकाहरुमा दैनिक हिसाब खाता, लेखाप्रणाली, वासलात, बैंक भौचर सम्बन्धी जानकारी हुनुका साथै कार्यालय व्यवस्थापनका सम्बन्धमा जानकारी हासिल गर्न सकेको तथ्य प्राप्त भएको छ ।

छनोमापरेका विद्यालयमा देखिएका समस्या तथा कमजोरीहरुलाई नियाल्दा विद्यालयमा भएको कमजोर भौतिक पूर्वाधारका कारण चाहेर पनि शिक्षकहरुले आफूले प्राप्त गरेका ज्ञान र सीपलाई कक्षाकोठामा लागु गरी विद्यार्थीको प्राविधिक सीप विकासमा उल्लेख्य भूमिका निर्वाह गर्न नसकेको पाइयो । व्यवसायिक शिक्षाको अध्यापन गरिएको भएतापनि समय सान्दर्भिक हुन नसकेको, भोलिका दिनमा विद्यार्थीहरुलाई उपयोगी हुने खालको प्लम्बिङ्ग, वाइरिङ् जस्ता विषयहरुको शिक्षण गर्न नसकेको, दक्ष शिक्षकको अभावले गर्दा सिकाइ प्रभावकारी हुन नसकेको, व्यवसायिक शिक्षा शिक्षण गर्न तथा विद्यार्थीको व्यवहारिक जीवनमा उपयोगी हुने गरी अध्यापन गराउनका लागि विद्यालयमा व्यवसायिक शिक्षाका लागि उपर्युक्त प्रयोगाशालाको अभाव भएको जस्ता समस्याहरु रहेको अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

व्यवसायिक शिक्षा शिक्षणमा देखिएका समस्या निराकरण गर्नका लागि शिक्षकहरुलाई आफ्नो पेशाप्रति उत्प्रेरणा प्रदान गर्न थप कार्यक्रमहरु ल्याउनु पर्ने, विद्यालयमा रहेको राजनीतिक हस्तक्षेपलाई न्यून गरी सिकाइ कार्यलाई बढी जोड दिन सकेको खण्डमा विद्यार्थीहरुमा सिक्ने वातावरणको सृजना भइ व्यवसायिक शिक्षा शिक्षण प्रभावकारी हुन सक्दछ भन्ने कुराको जानकारी छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी अभिभावक तथा स्रोतव्यक्तिबाट जनकारी प्राप्त भएको छ । व्यवसायिक शिक्षा नयाँ शिक्षा भएको र यसका बारेमा अभिभावकलाई केही जानकारी नभएको हुँदा अभिभावकलाई शिक्षा प्रदान गर्न आवश्यक रहेको पाइयो ।

## ५.२ निष्कर्ष

व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव नामक शीर्षक चयन गरेर गरिएको यस शोधपत्रमा विद्यालयमा व्यवसायिक शिक्षाको अध्यापन गराउन थालिएको भएता पनि विद्यालयको कमजोर भौतिक अवस्था एवम् आर्थिक पर्याप्त मात्रामा शैक्षिक समग्रीको अभाव शिक्षकको निष्कृयता, विद्यालय प्रशासन, शिक्षक र विद्यार्थी बिचको सुमधुर सम्बधको अभाव जस्ता कुराहरुले शिक्षण कार्य प्रभाकारी ढंगबाट हुन नसकेको देखिन्छ । विद्यालयमा व्यवसायिक शिक्षा शिक्षण गराउँदा शिक्षक तथा विद्यार्थीको धारणा के कस्तो रहेको भन्ने जस्ता कुराहरुमा गरिएको छलफल अन्तरक्रिया अनुसार व्यवसायिक शिक्षाको अध्ययनले आफूहरुमा भोलिका दिनमा केही मात्रामा भए पनि जीवनोपयोगी हुने, पढेको कुरा व्यवहारमा उतार्न सकिने हुँदा व्यवसायिक शिक्षा अध्यापन हुनु राम्रो भएको तर विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गरिएको भएतापनि भनेजस्तो सन्तुष्टि हात पार्न नसकिएको देखिन्छ ।

विद्यायमा शिक्षण हुने व्यवसायिक शिक्षणका सम्बन्धमा बेलाबेलामा निरक्षण तथा अनुगमन हुन सकिरहेको छैन । विद्यालयमा राजनीतिक प्रभावका कारण शिक्षकहरुले तालिम लिएर पनि त्यसलाई पूर्णरुपले कक्षाकोठामा कार्यान्वयनमा ल्याउन नसकेको अवस्था रहेको छ भने दक्ष प्रशिक्षकहरुबाट शिक्षकलाई तालिम प्रदान गर्न नसक्दा शिक्षण कार्य व्यवहारमूखी ढंगबाट हुन नसकी विद्यार्थीको प्राविधिक सीप विकासमा समस्या रहेको तथ्य प्राप्त भएको छ । यसका साथै अधिकांश विद्यालयको कमजोर आर्थिक अवस्थाका कारणले पर्याप्त मात्रामा शैक्षिक सामग्रीको प्रयोग गर्न नसकेको, उपयुक्त कक्षाकोठा र ल्यावको अभाव रहेको, तल्लो तहका शिक्षकहरुले माथिल्लो तहमा प्राविधिक शिक्षा अध्यापन गर्नु परेको जस्ता समस्याहरुले गर्दा व्यवसायिक शिक्षालाई कक्षाकोठामा प्रभावकारी ढंगबाट शिक्षण गर्न सकिएको छैन, छनोटमा परेका सम्पूर्ण उत्तरदाताहरुबाट प्राप्त जानकारी अनुसार विद्यालयमा अध्यापन गराइएको व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा केहीमात्रामा भए पनि सघाउ पुऱ्याएको निष्कर्ष निकालिएको छ ।

## ५.३ सुझावहरु

यस शोधपत्र तयारीका क्रममा प्राप्त तथ्याङ्कको विश्लेषण, सम्बन्धित सरोकारवालहरुसँगको राय तथा समस्याको समाधान सम्बन्धी सुझाबहरुलाई समेत आधार मानि अनुसन्धानकर्ताले प्राप्त गरेको प्राप्तिका आधारमा निम्नानुसारको सुझाव प्रस्तुत गरिएको छ :

### नीतिनिर्माण तह

विद्यालयमा व्यवसायिक विषयको अध्यापन गराउने शिक्षकलाई आफ्नो पेशाप्रति प्रोत्साहन गर्न थप भत्ता र अन्य विभिन्न सुविधा प्रदान गरेमा शिक्षकहरु आफ्नो पेशाप्रति अझ बढी जिम्मेवार हुने हुँदा विविध तवरबाट शिक्षकलाई प्रोत्साहित गर्ने खालका नीति तयार गरिनु आवश्यक देखिन्छ । व्यवसायिक विषयको अध्ययन गर्ने शिक्षकहरुलाई आफ्नो पेशाप्रति वफादार हुनका लागि समय समयमा पुनर्ताजगी तालिमको आवश्यकता पर्दछ तसर्थ स्रोतकेन्द्र र प्र.अ.हरुको समन्वयमा बेलाबेलामा पुनर्ताजगी तालिम सञ्चालन गरिरहनु पर्ने देखिन्छ । विद्यालयमा व्यवसायिक शिक्षाको अध्यापन गरिएको भएता पनि त्यसको अध्यापन गर्ने शैली पुरानै परिपाटी तथा सैद्धान्तिक ज्ञानमा नै विशेष जोड दिएको देखिन्छ तसर्थ शैक्षिक जनशक्ति विकास केन्द्रले यसको लागि छुट्टै नियमावली तयार गरी आधुनिक र व्यवहारिक पाठ्यक्रम, दक्ष प्रशिक्षक, आधुनिक उपकरणको अनिवार्य प्रयोग गर्नुपर्ने शिक्षण कार्यको प्रबन्ध मिलाउनु पर्ने देखिन्छ । व्यसायिक शिक्षा अध्यापन गराउने शिक्षक अन्य काममा समेत बढी व्यस्त रहने, उसलाई अन्य अवसरहरु पनि पर्याप्त मात्रामा आउने हुँदा नयाँ अवसर पाएमा शिक्षण पेशा छाड्ने सम्भावना भएको हुँदा सरकारी तवरबाटै व्यवसायिक शिक्षा अध्यापन गर्ने शिक्षकहरुका लागि थप भत्ता तथा सेवासुविधाको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

### कार्यान्वयन तह

विद्यालयमा व्यवसायिक शिक्षाको अध्यापन गराउनका लागि पर्याप्त मात्रामा भौतिक र शैक्षिक सामग्री हुनु आवश्यक रहन्छ तसर्थ विद्यालय व्यवस्थापन समितिले विभिन्न निकायसँग समन्वय गरी आवश्यक प्रयोगशाला, उपयुक्त फर्निचरको व्यवस्था र प्रशस्त मात्रामा शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने देखिन्छ । विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गराउने शिक्षकहरुले के

कसरी अध्यापन गारएका छन्, विद्यार्थीले त्यसको व्यवहारिक प्रयोग गर्न सक्छन् कि सक्दैनन् भन्ने बारेमा विद्यालय व्यवस्थापन समिति तथा स्रोतव्यक्तिले निरन्तर अनुगमन र मूल्यांकन गर्नु पर्दछ । शिक्षकले विद्यार्थीहरुलाई व्यवसायिक विषयको अध्यापन गराउँदा के कसरी गरिएको छ ? विद्यालयमा अध्यापन गरिएको व्यवसायिक शिक्षाको माध्यमले भोलिका दिनमा विद्यार्थीको के कस्तो प्राविधिक विकास हुन सक्छ भन्ने बारेमा जानकारी राख्नुका साथै प्र.अले समय समयमा कक्षा अवलोकन गर्ने, विद्यार्थीसँग छलफल गर्ने र शिक्षकलाई पनि मार्ग निर्देशन गर्नु पर्ने देखिन्छ । व्यवसायिक शिक्षाको अध्यापन गराउन शिक्षकलाई थप पारिश्रमिक तथा अरु शिक्षकहरुलाई भन्दा सेवा सुविधामा वृद्धि गर्ने र व्यवसायिक शिक्षा अध्यापन गराउने शिक्षकले कुनै पनि गल्ती कमजोरी भेटिएमा स्रोतव्यक्ति र प्रं.अ.ले आवश्यक परामर्श र मार्ग दर्शन गर्ने व्यवस्था मिलाइनु पर्दछ ।

**थप अनुसन्धान तह**

सामुदायिक विद्यालयमा प्रादन गरिएको व्यवसायिक शिक्षा शिक्षणले विद्यार्थीको सीप विकासमा के कस्तो प्रभाव पारेको छ भनेर जानकारी प्राप्त गर्नका लागि विद्यालयमा प्रदान हुन व्यवसायिक शिक्षा शिक्षणको अवस्थालाई गहन रुपमा अध्ययन अनुसन्धान गर्नु पर्ने देखिन्छ । व्यवसायिक शिक्षा के कसरी शिक्षण गर्दा उपयुक्त हुन्छ ? यसको प्रभाव के छ ? वर्तमान परिवेशलाई योग्य हुने र भोलिका दिनहरुमा बालबालिकाहरुको जिविको पार्जनमा सहयोग गर्ने खालको व्यवसायिक शिक्षाका रुपमा कुन कुन विषयलाई राख्न सकिन्छ ? भन्ने बारेमा शिक्षा विभागले नै शक्तिशालि अनुसन्धान आयोग बनाई अनुसन्धान गर्नु पर्ने देखिन्छ । विद्यालयमा व्यवसायिक शिक्षा शिक्षणको अवस्था कस्तो छ ? शिक्षण प्रभावकारी हुन सकेको छ या छैन ? शैक्षिक सामग्रकिो पर्याप्तता कति छ ? फर्निचर, कक्षाकोठाको अवस्था लगायत सिकाईका आवश्यक सूचकहरुको यथार्थ अवस्था पत्ता लगाएर अध्ययन अनुसन्धान गरी व्यवसायिक शिक्षालाई प्रभावकारी ढंगबाट शिक्षण गर्न आवश्यक पर्ने सुझावहरु समेत प्रस्तुत गर्नु पर्ने देखिन्छ । विद्यालयको विविध क्षेत्रमा अनुसन्धान गर्ने सरकारी, गैर सरकारी तथा शोधकर्ताहरुले विद्यालयमा व्यवसायिक शिक्षा शिक्षणलाई प्रभावकारी बनाउन क कसको भूमिका रहन्छ ? विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका कमी कमजोरी के के छन् भन्ने बारेमा पूर्ण रुपले अध्ययन अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

# ;Gbe{u|Gyx?


अधिकारी (२०६७), **शैक्षिक विकासमा त्रिवर्षीय योजना,** काठमाण्डौ : गोरखापत्र राष्ट्रिय दैनिक ।

अधिकारी, (२०६४), **विकेन्द्रीकरणको सिद्धान्त, भुडीपुराण प्रकाशन,** काठमाण्डौ ।

अन्तरिम योजना (२०६४-०६७), **नेपाल सरकार राष्ट्रिय योजना आयोग,** काठमाण्डौं : बौद्धिक दर्पण प्रकाशन ।

काफ्ले, वासुदेव, सिन्हा रामस्वरुप, श्रेष्ठ चन्द्रवहादुर (२०५९), **शैक्षिक प्रशासन र सुपरिवेक्षण**, भोटाहिटी काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, वासुदेव, सिन्हा रामस्वरुप, श्रेष्ठ चन्द्रवहादुर, विष्ट मीन वहादुर (२०६०), **शैक्षिक योजना** काठमाण्डौं : भुँडीपुराण प्रकाशन ।

काफ्ले, भोजराज (२००१), **नेपालमा जिल्ला स्तरीय योजना अल्भिएको अवस्था,** काठमाण्डौं ।

खनाल मुकुन्दमणी, आचार्य, सुशन (२०६०) **शिक्षाको वित्तिय अर्थशास्त्र,** काठमाण्डौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

खनाल, पेशल (२०६२), **शैक्षिक अनुसन्धान पद्धती,** किर्तिपुर काठमाण्डौ, सनलाईट पब्लिकेशन ।

जिल्ला शिक्षा कार्यालय (२०६३-०६५) **चितवनको विद्यालय तथ्याङ्क फारामको जिल्लागत साराशं,** भरतपुर चितवन ।

जिल्ला शिक्षा कार्यालय (२०६०-२०६५) **जिल्ला शिक्षा योजना**, भरतपुर, चितवन ।

थापा, विजय कुमार (२०५९), **जिल्ला शिक्षा योजनाको विकास र कार्यान्वयन**, काठमाण्डौं : त्रिभुवन विश्वविद्यालय ।

मुडबरी, नवराज र खनाल, श्रीप्रसाद (२०५९), **शैक्षिक अनुसन्धान पद्धतिको परिचय**, क्षितिज प्रकाशन, काठमाण्डौं ।

शिक्षा ऐन (२०२८) **नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालय,** बागबजार काठमाण्डौं : आशिष पुस्तक भण्डार ।

शिक्षा मन्त्रालय (२०५६), **नेपाल सरकार आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम निर्देशिका ।**

HMG/MOES (2001-2015) **Education for all National Action plan of Nepal**,MOES Kesharmahal Kathmandu

**Basic and Primary Education master plan** (1997), Ministry of Education.

**Secondary Education Prospective plan** (1997), Ministry of Education, Kathamandu.

## व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव
## अनुसूची २

### स्रोत व्यक्तिलाई सोधिने प्रश्नावलीहरु

नाम:

विद्यालयको नाम :

शैक्षिक योग्यता:

१ विद्यालय तहमा व्यवसायिक शिक्षाको वर्तमान अवस्था कस्तो छ ?

.........................................................................................................

२ व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा के कस्तो प्रभाव पारेको छ ?

.........................................................................................................

३ विद्यालयमा व्यवसायिक शिक्षा अध्यापन गराउनमा देखिएका समस्याहरु के के छन् ?

.........................................................................................................

४ विद्यालयमा व्यवसायीक शिक्षा सम्बन्धी अनुगमन तथा निरीक्षण हुने गरेको छ ?

.........................................................................................................

५ व्यवसायिक शिक्षाको लागि स्रोतकेन्द्रमा के कस्ता प्रावधानहरु ल्याइनु आवश्यक रहन्छ ?

.........................................................................................................

६ विद्यालय तहमा व्यवसायिक शिक्षाको अध्यापन गराएर विद्यार्थीको सीप विकास गर्नका लागि स्रोतव्यक्तिको तर्फबाट के कस्तो भूमिका निर्वाह गर्नु भएको छ ?

.........................................................................................................

७. विद्यालयमा व्यवसायिक शिक्षाको प्रभाकारी ढंगबाट सञ्चालन गरी विद्यार्थीको सीप विकास गर्नका लागि स्रोतव्यक्तिको तर्फबाट प्रदान गर्नसक्ने सुझावहरु के के छन् ?

## व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव

## अनुसूची ३

## विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई सोधिने अन्तरवार्ता प्रश्नावलीहरु

नाम :

विद्यालयको नाम :

कार्य अवधिः

शैक्षिक योग्यताः

१ तपाईको विद्यालयमा व्यवसायिक शिक्षाको अध्यापन हुने गरेको छ ?

..........................................................................................................

२ व्यवसायिक शिक्षा सम्बन्धी अध्यापनको अवस्था कस्तो छ ?

..........................................................................................................

३ विद्यालयमा भएको व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा के कस्तो प्रभाव पारेको छ ?

..........................................................................................................

४ विद्यालयमा व्यवसायिक शिक्षा सञ्चालनमा देखिएका समस्याहरु के के छन् ?

..........................................................................................................

५ व्यवसायिक शिक्षाको सञ्चालन गरी विद्यार्थीको सीप विकास गर्नका लागि यहाँको भूमिका के कस्तो रहेको छ ?

..........................................................................................................

६ विद्यालयमा व्यवसायिक शिक्षाको सञ्चालन र विद्यार्थीको प्राविधिक सीप विकासका लागि वि.व्य.स अध्यक्षको तर्फबाट के कस्ता सुझाव प्रदान गर्नुहुन्छ ?

..........................................................................................................

## व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव

## अनुसूची ४

## प्रधानाध्यापकलाई सोधिने अन्तरवार्ता प्रश्नावलीहरु

नाम:

विद्यालयको नाम :

कार्य अवधि:

शैक्षक योग्यता:

१ तपाईको विद्यालयमा कुन व्यवसायिक शिक्षाको अध्यापन हुने गरेको छ ?

........................................................................................................

२ विद्यालयमा व्यवसायिक शिक्षा सम्बन्धी अध्यापनको अवस्था कस्तो छ ?

........................................................................................................

३ विद्यालयमा भएको व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा के कस्तो प्रभाव पारेको छ ?

........................................................................................................

४ विद्यालयमा व्यवसायिक शिक्षा सञ्चालनमा देखिएका समस्याहरु के के छन् ?

........................................................................................................

५ व्यवसायिक शिक्षाको सञ्चालन गरी विद्यार्थीको सीप विकास गर्नका लागि यहाँको भूमिका के कस्तो रहेको छ ?

........................................................................................................

६ विद्यालयमा व्यवसायिक शिक्षाको सञ्चालन र विद्यार्थीको प्राविधिक सीप विकासका लागि प्र.अ.को तर्फबाट के कस्ता सुझाव प्रदान गर्नुहुन्छ ?

........................................................................................................

## व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा परेकोप्रभाव

## अनुसूची ५

## शिक्षकहरुलाई सोधिने अन्तरवार्ता प्रश्नावलीहरु

शिक्षकको नाम:

विद्यालयको नाम :

कार्य अवधि:

शैक्षिक योग्यता:

तालिम प्राप्त/अप्राप्त :

१ विद्यालयमा अध्यापन हुने गरेको व्यसायिक शिक्षामा तपाईको दृष्टिकोण कस्तो छ ?

......................................................................................................

२ व्यवसायिक शिक्षा अध्यापनका लागि के कस्ता शैक्षिक सामग्रीहरु विद्यालयमा उपलब्ध हुने गरेका छन् ?

......................................................................................................

३ व्यवसायिक शिक्षा विद्यार्थीका दैनिक जीवनमा उपयोग हुने खालका छन् या छैनन् ?

......................................................................................................

४ विद्यालयमा सञ्चालन गरिएको व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा कस्तो प्रभाव पारेको छ ?

......................................................................................................

५ विद्यालयमा व्यवसायिक शिक्षा सञ्चालनमा देखा परेका सस्याहरु के के हुन सक्छन् ?

......................................................................................................

६ व्यवसायिक शिक्षाको अध्यापन गराउँदा सैद्धान्तिक तथा प्रयोगात्मक के कसरी गराउने गर्नु भएको छ ?

......................................................................................................

७ विद्यालयमा व्यवसायिक शिक्षाको अध्यापनका लागि यहाँको भूमिका के कस्तो रहको छ ?

......................................................................................................

**व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव**

**अनुसूची ६**

**विद्यार्थीलाई सोधिने अन्तरवार्ता प्रश्नावली**

विद्यार्थीको नामः

विद्यालयको नाम :

कक्षा : सेक्सन : रोल नं.

१ तिमी यस विद्यालयमा अध्यापन गर्दै आएको कति वर्ष भयो

..........................................................................................................

२ विद्यालयमा अध्यापन हुने व्यवसायिक शिक्षा तिमिलाई कस्तो लाग्छ ?

..........................................................................................................

३ तिमीहरुले विद्यालयमा लिएको व्यवसायिक शिक्षा घरयासी जीवनको लागि काम लाग्ने खालको छ या छैन ?

..........................................................................................................

४ शिक्षकहरुले व्यवसायिक शिक्षा अध्यापन गराउँदा प्रयोगात्मक तथा सैद्धान्तिक कुन विधिको बढी प्रयोग गर्नु हुन्छ ?

..........................................................................................................

५ शिक्षकले व्यवसायिक शिक्षाको मूल्यांकन के कसरी गर्नुहुन्छ ?

..........................................................................................................

६ शिक्षकले अध्यापन गर्दै आउनु भएको व्यवसायिक शिक्षामा तिमी सन्तोष छौं ?

..........................................................................................................

# व्यवसायिक शिक्षाले विद्यार्थीको सीप विकासमा पारेको प्रभाव

## अनुसूची १

## अवलोकन फाराम

| क.सं. | प्राविधिक विषयहरु | पारेको प्रभाव |
|---|---|---|
| 1 | | विद्यार्थीको व्यवहार निर्माणमा सहयोग<br>क) सामान्य, ख) न्यून ग) उत्तम |
| 2 | | सीपमूलक क्षमताको विकास<br>क) सामान्य ख) न्यून ग) उत्तम |
| 3 | | आत्म निर्भरता<br>क) सामान्य ख) न्यून ग) उत्तम |
| 4 | | दैनिक जीवनका घरयासी कामहरुमा सहयोग<br>क) सामान्य ख) न्यून ग) उत्तम |
| 5 | | माथिल्लो तहको अध्ययनमा सहयोग<br>क) सामान्य ख) न्यून ग) उत्तम |
| **छनोटमा परेका विद्यालयमा व्यवसायिक शिक्षा अध्ययनका लागि उपयुक्त तयारी सम्बन्धि विवरण** | | |
| 1 | विवरण | अवस्था |
| 2 | प्रयोगशाला | क) मध्यम ख) न्यून ग) उत्तम |
| 3 | शैक्षिक सामग्री | क) मध्यम ख) न्यून ग) उत्तम |
| 4 | तालिम प्राप्त शिक्षक | क) मध्यम ख) न्यून ग) उत्तम |
| 5 | योग्यता पुगेका शिक्षक | क) छन् ख) छैनन |
| 6 | अध्यापनका लागि प्रयप्त आयस्रोत | क) छ ख) छैन |